# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २७४ | काठमाडौं | बुधबार, १६ माघ २०८१ | Prabhab National Daily | Wednesday, January 29, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# केबलकार विवादः प्रदेशदेखि संघ सरकार वार्ता गर्न तयार



केबलकार खारेजीको मागसहित आन्दोलनरत पक्षले आह्वान गरेको अनिश्चित्कालीन यातायात बन्दका कारण सुनसान सडक ।

- कोशी प्रदेश सरकारले आर्थिक मामिलामन्त्रीको नेतृत्वमा बनायो वार्ता समिति, वार्ताका लागि आन्दोलनरत पक्षलाई आह्वान
- संघ सरकारले पनि आज वार्ता समिति गठन गर्ने
- ताप्लेजुङ, इलाम र संखुवासभाका सांसदसँग गृहमन्त्रीको छलफल
- आन्दोलनरत पक्षद्वारा अनिश्चित्कालीन यातायात बन्द जारी
- बन्दकर्तामध्येका प्रदीप मादेन ताप्लेजुङबाट पक्राउ
- केबलकार निर्माण बन्द गर्न आदिवासी जनजाति आयोगको पनि माग

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले ताप्लेजुङको मुक्कुम्लुङमा केबलकार निर्माणलाई लिएर उत्पन्न तनावपूर्ण स्थितिलाई वार्ताको माध्यमबाट सम्बोधन गर्न वार्ता टोली गठन गर्ने भएको छ । गृह मन्त्रालयका सहसचिव नेतृत्वमा पर्यटन मन्त्रालय र भौतिक मन्त्रालयको प्रतिनिधि सम्मिलित वार्ता टोली गठन गरिने गृहमन्त्री रमेश लेखकले बताएका छन् ।



आन्दोलनकारीमाथि गोली चलाउनु ठीक होइन । बरू, आन्दोलनकारीहरूसँग वार्ता गर्नुपर्छ । त्यसका लागि वार्ता टोली गठन गर्नुहोस् भन्यौं । गृहमन्त्रीले बुधबार वार्ता टोली गठन गर्ने भन्नुभएको छ ।

**उर्मिला थेबे लिम्बू**
**सांसद**

समितिले ताप्लेजुङको मुक्कुम्लुङ क्षेत्रमा केबलकार निर्माण योजना खारेजीको माग गर्दै आन्दोलन गरिरहेका पक्षसँग वार्ता गर्ने जनाएको छ । गृहमन्त्री लेखकले मंगलबार बोलाएको बैठकमा सहभागी ताप्लेजुङकी एमाले सांसद उर्मिला थेबे लिम्बूले केबलकार निर्माणलाई लिएर उत्पन्न समस्या समाधान वार्ताबाटै गर्नुपर्ने भन्ने आफूहरूको रायको आधारमा गृहमन्त्री लेखक सरकारी वार्ता टोली गठन गर्न तयार भएको बताइन् । 'आन्दोलनकारीमाथि गोली चलाउनु ठीक होइन । बरु, आन्दोलनकारीहरूसँग वार्ता गर्नुपर्छ । त्यसका लागि वार्ता टोली गठन गर्नुहोस् भन्यौं । गृहमन्त्रीले बुधबार वार्ता टोली गठन गर्ने भन्नुभएको छ,' थेबेले बताइन् ।

गृहमन्त्री लेखकले बोलाएको बैठकमा संखुवासभाबाट निर्वाचित कांग्रेस नेतासमेत रहेका ऊर्जामन्त्री दीपक खड्का, इलाम-२ का एमाले सांसद सुहाङ नेम्बाङसँगै ताप्लेजुङका एमाले सांसद योगेशकुमार भट्टराई र ताप्लेजुङकै कांग्रेस सांसद लीलादेवी बोखिम सहभागी थिए । पाँचथरका एमाले सांसद वसन्तकुमार नेम्वाङ, तेह्रथुमकी कांग्रेस सांसद सीता गुरुङ र धनकुटाका सांसद राजेन्द्र राई भने सहभागी थिएनन् ।

गृहमन्त्रीसँगको बैठकपछि एमाले सांसद भट्टराईले ताप्लेजुङको मुक्कुम्लुङ मन्दिरमा सबैलाई सहज होस् भनेर केबलकार निर्माण गर्ने योजना अघि बढेको भए पनि केही व्यक्ति र समूहले धर्म संस्कृति मासिने भन्दै केही वर्षदेखि नै विरोध गर्दै आएको बताए ।

क्रमशः पृष्ठ २ मा

# विवादमा सामाजिक सञ्जालसम्बन्धी विधेयक

## अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने तयारीको विरोध



सामजिक सञ्जाल अभिव्यक्ति गर्न पाउने नागरिक ताहको एउटा प्लेटफर्म हो । संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने, त्रसित पार्ने तथा अलोचनाको स्वरलाई हतोत्साहित गर्ने विधेयक अस्वीकार्य छ ।

**मोहना अन्सारी**
**मानवअधिकारकर्मी**




आफैंलाई लयमा राख्न नसक्नेले सामाजिक सञ्जालको त कुरै छोडौं, कसैलाई पनि लयमा राख्न सक्दैन । यो कुरा 'सञ्जाल चलाउने' र 'सञ्जाललाई नियन्त्रण गर्ने' दुवै अतिवादमा समान रुपले लागू हुन्छ ।

**मुमराम खनाल**
**राजनीतिक विश्लेषक**

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले मंगलबार राष्ट्रिय सभामा दर्ता गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयक विवादमा तानिएको छ । 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा छ परिच्छेद तथा ४१ दफा छन् ।



मानवअधिकारकर्मी मोहना अन्सारी यस्तो खालको विधेयकले अभिव्यक्तिको स्वतन्त्रमा अंकुश लगाउने भएकोले स्वीकार गर्न नसक्ने बताउँछिन् । 'सामजिक सञ्जाल अभिव्यक्ति गर्न पाउने नागरिक ताहको एउटा प्लेटफर्म हो । संविधान प्रदत्त अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने, त्रसित पार्ने तथा अलोचनाको स्वरलाई हतोत्साहित गर्ने विधेयक अस्वीकार्य छ,' अन्सारीले भनेकी छन् ।

सरकारले आफैंलाई लयमा राख्न नसकेको अवस्थामा कसैलाई लयमा राख्न नसक्ने राजनीतिक विश्लेषक मुमराम खनाल बताउँछन् । 'आफैंलाई लयमा राख्न नसक्नेले सामाजिक सञ्जालको त कुरै छोडौं, कसैलाई पनि लयमा राख्न सक्दैन । यो कुरा 'सञ्जाल चलाउने' र 'सञ्जाललाई नियन्त्रण गर्ने' दुवै अतिवादमा समान रूपले लागू हुन्छ,' खनालले भनेका छन् ।

नागरिकको वाक स्वतन्त्रतामाथि बन्देज लगाउने गरी आएको यस विधेयकमा दर्जन विभिन्न शीर्षकमा कैद/जरिवाना तोकिएको छ । जसमा अनुमति नलिई सामाजिक सञ्जाल चलाउनेलाई २५ लाख जरिवानादेखि आइडी ह्याक गर्नेलाई तीन वर्षसम्म कैद वा १५ लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

- अनुमतिपत्र नलिई वा दफा ९ बमोजिम सञ्चालन गर्न रोक लगाइएको प्लेटफर्म सञ्चालन गर्ने वा गराउने व्यक्तिलाई २५ लाख रुपैयाँसम्म जरिवाना हुने
- कसैको आइडी तथा सूचना ह्याक गरेमा तीन वर्षसम्म कैद वा १५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने
- सार्वजनिक पद धारण गरेको वा राज्य कोषबाट सुविधा लिएको कुनै व्यक्तिले यस ऐनबमोजिम कसूर हुने काम गरेमा त्यस्तो कसूरदारलाई यस ऐनबमोजिम हुने सजायमा ५० प्रतिशतसम्म थप सजाय हुने

अनुमति नलिई सामाजिक सञ्जाल चलाए वा रोक लगाएका सामाजिक सञ्जाल चलाउनेलाई भनिएको छ, 'यस दफामा दफा ३ बमोजिम अनुमतिपत्र नलिई वा दफा ९ बमोजिम सञ्चालन गर्न रोक लगाइएको प्लेटफर्म सञ्चालन गर्ने वा गराउने व्यक्तिलाई २५ लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ ।'

कतिपयले यो विधेयक फिर्ता हुनुपर्ने बताएका छन् भने कतिले भने जस्ताको तस्तै पास गर्न नहुने राय राखेका छन् । यद्यपि यो विधेयक राष्ट्रियसभामा छलफल हुँदै प्रतिनिधिसभा भएर संसदीय समितिसम्म आएपछि मात्र पारित हुने देखिन्छ । कुनै बेला यही विधेयकको घोर विरोधमा उत्रिएको नेपाली कांग्रेस अहिले सत्ता साझेदार दल हो ।

राष्ट्रहित प्रतिकूल हुने कार्यविरुद्ध

विधेयकमा राष्ट्रहित प्रतिकूल हुने कार्य गरे पाँच वर्ष कैद वा पाँच लाख रूपैयाँ जरिवाना वा दुवै सजाय हुने प्रस्ताव गरिएको छ । 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्र हित वा संघीय एकाइबीचको सु-सम्बन्धमा प्रतिकूल असर गर्न नहुने यस दफामा उल्लेख छ । त्यसैगरी वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै काम गर्न वा गराउन वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पार्ने विषय सामाजिक सञ्जालमा प्रसार गर्ने वा गराउने व्यक्तिलाई यो सजाय हुने प्रस्ताव गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमबजार रुपान्तरित हुँदै प्रविधिमैत्री जनशक्तिलाई अवसर

■ ममता थापा

**काठमाडौं–** मुलुकमा रोजगारीको अवसर नपाएर वैदेशिक रोजगारीमा जानेहरूको संख्या बर्सेनि बढ्दो छ । नेपालबाट दैनिक दुई हजार हाराहारी युवा रोजगारीका लागि विदेसिने गरेको तथ्यांक छ । नेपाली श्रमिकको प्रमुख रोजगार गन्तव्य खाडी राष्ट्रहरू मुलुकहरू बनेका छन् ।

गएको आर्थिक वर्ष २०८०/८१ मा चार लाख ६० हजार १०२ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएकामा चीन लाख ६३ हजार २८२ मलेसियासहित खाडी मुलुक गएका थिए । पछिल्लो समय पोल्यान्ड, क्रोएसिया, रोमानिया, साइप्रस, माल्टालगायत युरोपेली मुलुक पनि आकर्षक श्रम गन्तव्य बन्न थालेका छन् । खाडीमुलुकबाट आउने मागपत्रलाई आधार मान्दा नेपालबाट सीपयुक्त र सीपविनाका कामदारका रूपमा नेपालीहरू जाने गरेका छन् । प्रविधिको क्षेत्रमा उच्च दक्षता हासिल गरेर जानेहरू नगन्य संख्यामा छन् । अबको युगलाई प्रविधिको युग भन्न थालिसकिएको अवस्थामा निकट भविष्यमा नै हामीले गर्ने कामको प्रकृतिमा ठूलो फेरबदल हुने अध्ययनहरू सार्वजनिक भएका छन् ।



'वर्ल्ड इकोनमिक फोरम'ले फ्युचर अफ जब्स रिपोर्ट-२०२५' शीर्षकमा गरेको अध्ययनले प्रविधिको विस्तारले श्रमबजारलाई नयाँ आकार देखाएको छ । उक्त अध्ययनले सन् २०३० को बीचमा मा माग बढ्ने र घट्ने रोजगारीको सूची नै सार्वजनिक गरेको छ । जसका अनुसार डेटा विशेषज्ञ, एआई र मेसिन लर्निङ विशेषज्ञ, फाइनान्सियल टेक्नोलोजी इञ्जिनियर, सफ्टवेयर निर्माता, सेक्युरिटी म्यानेजमेन्ट विशेषज्ञ, डेटा भण्डारणकर्ता, विद्युतीय सवारी विशेषज्ञ, डेटा डिजाइनर, वितरण सेवामा सवारी चालकहरू, इन्टरनेट विज्ञ, वातावरण इञ्जिनियर, नवीकरणीय ऊर्जाविज्ञ, कुनै पनि संस्थाको इञ्जिनियरिङ र कम्प्युटर नेटवर्कको सुरक्षा गर्ने जनशक्तिको माग उच्च हुने छ ।

अर्कोतिर पाँच वर्षभित्र लेखनदास, प्रशासनिक तथा व्यवस्थापकीय सहायक, बैंकमा दैनिक हिसाबकिताब हेर्ने, तथ्यांक प्रविष्ठ गर्ने, लेखापाल, छापाखानाका कामदार, एकाउन्टेन्ट, परिचारक तथा सहचालक, सेल्स वर्कर, सडक व्यवसायी, समाचार प्रसारणसँग सम्बन्धित व्यक्तिहरू, टेलिमार्केटर, कानुनी अधिकारीहरूले क्रमश रोजगारी गुमाउँदै जाने छन् । अध्ययनका अनुसार यस अवधिमा १७० मिलियन रोजगार सिर्जित हुने छ भने ९२ मिलियन रोजगारी विस्थापित हुने छ । विस्तार हुने रोजगारीमा आर्टिफिसियल इन्टिलिजेन्स, रोबोटिक्स र डिजिटल प्रविधिमा आधारित कामहरू हुने छन् । आगामी दिनमा यस क्षेत्रको ज्ञान नभए रोजगारी पाउन कठिन हुने देखिएको छ ।

फोरमले विश्वका विभिन्न भागमा गरेको अध्ययन अनुसार पूर्वी एसियाको दक्षिण कोरियामा भूआर्थिक विखण्डन र सीमाक्षेत्रमा प्रगोगमा आएका अत्याधुनिक प्रविधिलाई हेर्दा कोरिया प्रविधितर्फ रूपान्तरित हुने बाटोमा छ । त्यहाँका कम्पनीहरूले विश्वबजारमा प्रतिस्पर्धी बन्न प्राविधिक जनशक्तिको खोजी बढाएका छन् । जापानमा भने सक्रिय श्रम शक्तिको अभाव र परिवर्तन नस्वीकार्ने मानसिकताका कारण परिवर्तित हुन चुनौती थपिने छ ।

यता नेपालीहरूको रोजगारीको केन्द्र मलेसियाका अधिकांश व्यापारिक संस्थाहरू जनशक्तिको प्राविधिक सीप विस्तार गर्न उनीहरूलाई तालिम र कक्षाहरू दिने पक्षमा देखिएका छन् । त्यस्तै छिमेकी मुलुक भारतले पनि एआई, रोबोटिक्स र आफ्नै स्वायत्त संयन्त्र निर्माणमा ठूलो धनराशि लगानी गरिरहेको छ । बहराइनले पनि प्रविधिमैत्री कामदार अकर्षित गर्न काम गर्ने समय, ओभरटाइम पोलिसीलगायत अन्य सुविधा उपलब्ध गराउन सरकारसँग सहकार्य गरिरहेको छ ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## विवादमा सामाजिक...

### साइबर बुलिङविरुद्ध

साइबर बुलिङ गरे दुई वर्ष कैद वा तीन लाख रूपैयाँ जरिवाना वा दुवै सजायको प्रस्ताव गरिएको छ विधेयकमा । कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, फोटो, अडियो, भिडियो, श्रव्य-दृष्य, संकेत वा सन्देश पठाउने, पोस्ट गर्ने, सेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्नेजस्ता साइबर बुलिङको कसूर गरेमा दुई वर्षसम्म कैद वा तीन लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रस्ताव यो दफामा गरिएको छ ।

### साइबर स्टकिङ गरे

इन्टरनेट प्रविधिको प्रयोग गरी कसैलाई झूठो आरोप लगाउने, धम्की दिने, जालसाजी गर्नेलाई यस दफामा सजायको प्रस्ताव गरिएको छ । 'दुर्व्यवहार गर्ने, निगरानी गर्ने, वैयक्तिक गोपनीयता भंग गर्ने, बारम्बार अनावश्यक सन्देश पठाउने, गोप्य जानकारी खुलासा गर्ने वा वैयक्तिक सुरक्षामा खतरा पुर्‍याउने कार्य गरी कसैलाई हैरानी दिई साइबर स्टकिङको कसूर गरे वा गराएमा कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ,' यो दफामा भनिएको छ ।

### आइडी वा सूचना ह्याक गरे

आइडी वा सूचना ह्याक गरे तीन वर्ष कैद वा १५ लाख जरिवानाको सजाय प्रस्ताव गरिएको छ । 'कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको पासवर्ड वा सिरियल नम्बर ऋयाक गरी कसैको आइडी तथा सूचना ह्याक गरेमा तीन वर्षसम्म कैद वा १५ लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ,' यो दफामा भनिएको छ ।

### फिसिङ गरे

त्यसैगरी फिसिङ वा इम्पोस्टर स्क्याम गरे तीन वर्ष कैद वा १५ लाख जरिवानाको प्रस्ताव गरिएको छ । यस दफामा विद्युतीय सञ्चार माध्यमबाट कुनै कुरा सत्य हो भन्ने विश्वासमा पारी कुनै व्यक्तिको युजरनेम र पासवर्ड, क्रेडिट कार्ड नम्बर, बैंक एकाउन्टजस्ता संवेदनशील सूचना प्राप्त गरी फिसिङ गर्नेलाई बुझिने भनिएको छ । यसैगरी कुनै व्यक्तिले अरू कसैबाट पैसा वा व्यक्तिगत विवरण चोर्ने उद्देश्यले फोन वा इमेल वा विद्युतीय उपकरण वा प्रणालीद्वारा आफू चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने विश्वासमा पारी उपहार वा पुरस्कार पठाउन व्यक्तिगत पासवर्ड र संवेदनशील जानकारी लिएर पछि कुनै रकम माग गरी इम्पोस्टर स्क्यामको कसूर गर्नेलाई यस्तो सजाय हुने प्रस्ताव गरिएको हो ।

### सेक्सटोर्सन वा एक्सटोर्सन गरे

सेक्सटोर्सन वा एक्सटोर्सन गरे तीन वर्ष कैद वा १५ लाख जरिवाना वा दुवै सजाय हुने प्रस्ताव गरिएको छ । यस दफामा कसैको नितान्त व्यक्तिगत तथा निजी तस्बिर, अडियो वा भिडियो सामाजिक सञ्जालको प्रयोग गरी सार्वजनिक गर्ने वा कसैसँग सेयर गर्ने धम्की दिई यौन शोषण, आर्थिक लाभ वा हिंसाका लागि बाध्य पार्ने सेक्सटोर्सनको कसूर गर्नेलाई यस्तो सजाय हुने प्रस्ताव गरिएको हो । 'कसैले कुनै व्यक्तिलाई सामाजिक सञ्जालको प्रयोग गरी निज वा अरु कसैलाई कुनै क्षति पुर्‍याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैका लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरी एक्सटोर्सनको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा १५ लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ,' यस दफामा भनिएको छ ।

यसैगरी सामाजिक सञ्जालमा वीभत्स तस्बिर वा अडियो वा भिडियो पोस्ट वा सेयर गरी कसूर गरेमा तीन महिनासम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । यसैगरी अश्लील शब्द, तस्बिर, संकेत, भिडियो, अडियो, मिथ्या वा भ्रामक सूचना प्रसार गर्न, त्यस्तो सूचनाको दुष्प्रचार वा तोडमरोड वा कमेन्ट गरी कसूर गरेमा दुई वर्षसम्म कैद सजाय वा तीनलाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

डिपफेक भिडियो अपलोड वा प्रसार गर्नेलाई दुई वर्षसम्म कैद वा तीन लाख रूपैयाँ जरिवाना वा दुवै सजाय हुने प्रस्ताव गरिएको छ । 'यस दफामा कसैले सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी कुनै व्यक्तिको अनुहार, आवाज वा हाउभाउलाई नक्कल वा प्रतिस्थापन गरी गलत सूचना प्रवाह गर्ने, अश्लीलता फैलाउने वा चरित्रहत्या गर्ने कसूर गरेमा दुई वर्षसम्म कैद सजाय वा तीनलाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ,' यस दफामा भनिएको छ । बेनामी वा छद्मभेषी पहिचान बनाउन वा प्रयोग गर्ने ३ महिना कैद वा ५० हजार जरिवाना वा दुवै सजाय हुने प्रस्ताव गरिएको छ । छद्मभेषी, स्थायी वा अस्थायी समूह ५ वर्ष कैद वा १५ लाख जरिवाना/दुवै सजाय हुने प्रस्ताव यस दफामा गरिएको छ ।

### सार्वजनिक पद धारण गरेकालाई पचास प्रतिशत बढी

सामाजिक सञ्जाल प्रयोग गरी माथि उल्लिखित कसूर गर्ने सरकारी कर्मचारी वा सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई ५० प्रतिशतसम्म थप सजाय हुने प्रस्ताव गरिएको छ । 'सार्वजनिक पद धारण गरेको वा राज्य कोषबाट सुविधा लिएको कुनै व्यक्तिले यस ऐनबमोजिम कसूर हुने काम गरेमा त्यस्तो कसूरदारलाई यस ऐनबमोजिम हुने सजायमा ५० प्रतिशतसम्म थप सजाय हुने छ,' थप सजायमा भनिएको छ । यसैगरी यस ऐनबमोजिमको कुनै कसूर एक पटकभन्दा बढी गर्ने कसूरदारलाई पटकै पिच्छे त्यस्तो कसूरमा हुने सजायको दोब्बर सजाय हुने प्रस्ताव गरिएको छ ।

◆◆◆

## केबलकार विवाद...

केबलकार बनाउने क्रमसँगै माघ १२ गते तनाव उत्पन्न भएपछि सुरक्षाकर्मीले बल प्रयोग गरेको र केही घाइते भएको बताए । तर, परिस्थितिलाई सामान्यीकरण गर्ने, भड्किन नदिने र वार्ताबाट समाधान खोज्नेबारेमा गृहमन्त्री लेखकसँग छलफल भएको बताए । उनले विकास निर्माणलाई पनि अघि बढाएर भएका समस्यालाई समाधान गर्ने उल्लेख गरे । उनको भनाइको मतलव केबलकार निर्माण कार्य रोकिँदैन ।

जबकि, स्थानीय आदिवासी लिम्बू समुदायले केबलकार निर्माण खारेजी गर्न माग गर्दै आएको छ । तर, जबरजस्ती केबलकार निर्माण कार्य गरिरहेपछि झडपको स्थिति सिर्जना भएको मुक्कुम्लुङ संयुक्त संघर्ष समितिका संयोजक श्रीप्रसाद लिम्बूले बताए । उनका अनुसार केबलकार निर्माण खारेज नहुञ्जेलसम्म आन्दोलन रोकिँदैन । उनले मंगलबारदेखि सुरु बन्द अनिश्चित्कालसम्म जारी राखेको बताए । 'हाम्रो मुख्य माग भनेकै केबलकार निर्माण खारेज हुनुपर्‍यो । अरु माग पनि सम्बोधन हुनुपर्‍यो । नभए हामी हट्दैनौं,' उनले भने ।

मुक्कुम्लुङ संरक्षण र केबलकार खारेजी संघर्षरत सम्पूर्ण संस्था र राजनीतिक दलहरूले मंगलबार मेची राजमार्ग, तमोर कोरिडोर र तेह्रथुमदेखि ताप्लेजुङ प्रवेश गर्ने सडकहरूमा यातायात बन्द गरेका थिए । आज पनि बन्द जारी हुने लिम्बूले बताए । यद्यपि, आन्दोलनरत पक्षको मुख्य माग मुक्कुम्लुङमा केबलकार निर्माण खारेजीलाई लगानीकर्ता रहेका आइएमई ग्रुपले बेवास्ता गर्दै आएको छ । स्थानीय प्रशासनले पनि मागलाई पूरापूर बेवास्ता गरिरहेको आन्दोलनरत पक्षको आरोप छ । हाल कडा सुरक्षा घेराबीच केबलकार निर्माणको काम भइरहेको छ ।

यहीबीच आन्दोलनरत पक्षले आन्दोलनलाई थप कडा बनाउँदै लगेपछि कोशी प्रदेश सरकारले वार्ता समिति गठन गरेको छ । मंगलबार प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरको संयोजकत्वमा भौतिक पूर्वाधार विकास तथा स्वास्थ्यमन्त्री भूपेन्द्र राई, आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारी तथा कानुन मन्त्रालयको प्रदेशसचिव रहेको समिति गठन भएको हो । कोशी प्रदेश सरकारको २०८१ मंसिर २४ गतेको निर्णयको आधारमा राजनीतिक तथा शान्ति वार्ता समिति गठन गरिएको हो । बैठकले गत माघ १२ गते मुक्कुम्लुङ क्षेत्रको बलुडाँडामा भएको झडपको घटनाप्रति दुस्ख व्यक्त गर्दै घाइते भएका सुरक्षाकर्मी र आन्दोलनरत पक्षको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरेको छ ।

यहीबीच आन्दोलनको क्रममा बन्द आह्वानकर्तामध्येका प्रदीप मादेन ताप्लेजुङबाट पक्राउ परेका छन् । उनको रिहा नभएको लिम्बूले बताए । आन्दोलनरत पक्षहरूले केबलकार निर्माणका लगानीकर्ता रहेका उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल र रुद्र पौडेललाई ताप्लेजुङ प्रवेश निषेध गरेका छन् । ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनुकटा, झापा, मोरङ र सुनसरीमा ढकाल सञ्चालक रहेको ग्लोबल आइएमई बैंकका शाखाहरू बन्द गर्ने कार्यक्रम पनि बन्द आह्वानकर्ताहरूको छ । उक्त बैंकको खाता बन्द गर्न पनि आह्वान गरिएको छ ।

ताप्लेजुङको फुङलिङ नगरपालिकाका मेयर अमिर मादेनलाई जिल्लाबाहिर जान निषेध गरिएको छ । पाथीभरा क्षेत्र विकास समिति खारेजीको माग भएको छ । ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरीक्षकले सार्वजनिकरूपमा माफी माग्नुपर्ने माग आन्दोलनरत पक्षको छ । उनीहरूमाथि कडा कारबाही गर्न सरकारसँग माग गरिएको छ । मुक्कुम्लुङ संरक्षण प्रेमीहरूमाथि गोली नचलाउन, राज्य आतंक, प्रहरी दमन र ज्यातदी बन्द गर्न, धर्ममा व्यापारीकरण बन्द गर्न र केबलकार निर्माण खारेज गर्न आन्दोलनमै रहेको संस्था किरात याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापोले बताइन् । आन्दोलनरत पक्षले गृहमन्त्री रमेश लेखकको पनि राजीनामा माग गरेको छ ।

तर, सरकारले सुरक्षा व्यवस्था कडा पारेपछि निर्माण कम्पनीले केबलकार निर्माणको कार्यलाई झनै गति दिएको छ । ढकालको लगानी रहेको केबलकार निर्माण भने ठेकेदार इन्द्र केदेमको कम्पनी हिमालयन कन्स्ट्रक्सन प्रा.लि.ले गर्दै आएको छ । शनिबार जिल्लाको फुङलिङ नगरपालिकाको वडा नम्बर १० र ११ को सीमामा पर्ने बलुडाँडामा सशस्त्र प्रहरी र आन्दोलनरत पक्षबीच तनाव हुँदै सशस्त्र प्रहरीले गोली चलाएको थियो । त्यसक्रममा तेह्रथुमको म्याङलुङ नगरपालिका-९ का यामबहादुर लिम्बू, पाँचथरको मिक्लाजुङ गाउँपालिका-५ का सुगन लावती र ताप्लेजुङको फुङलिङ नगरपालिका-८ का धर्म पालुंवा गोली लागेर गम्भीर घाइते भए । उनीहरूको उपचार त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भइरहेको छ । सशस्त्र प्रहरीको गोली लागेरै विशाल लिम्बू र ध्वजनारायण लिम्बू घाइते भएका छन् । उनीहरूको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको लिम्बूले जानकारी दिए । उनका अनुसार दुई जनालाई प्रहरीले हिरासतमा राखेको छ । केबलकार निर्माण आयोजनाको गत २३ कात्तिकमा मेसिन लगेर शिलान्यास गरिएको थियो । त्यसबेला पनि सरकार पक्षबाट बल प्रयोग भएको थियो ।

यसअघि आन्दोलनकारीको दबाबपछि तल्लो फेदीबाट सशस्त्र प्रहरी हटेका थिए । यद्यपि, प्रहरी र सशस्त्र दुवै सुरक्षा निकायलाई लगेर पछिल्लोपटक सरकारले राखेको हो । यसलाई आन्दोलनकारीहरूले जबर्जस्ती केबलकार निर्माण गर्न सरकारी पक्ष अघि बढेको अर्थमा बुझेका छन् । नभन्दै ठूलो सुरक्षा घेराबीचमा केबलकारको स्टेशन निर्माण भइरहेको छ । आन्दोनलकारीहरूले भने पवित्र मुन्धुमीस्थलमा केबलकार बनाउनु अनुचित भन्दै आएका छन् । आदिवासी जनजाति आयोगले पनि आदिवासी लिम्बू समुदायको मुन्धुमीस्थलमा व्यापारिक प्रयोजनका लागि केबलकार निर्माण आयोजनालाई खारेजी गर्नुपर्ने भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । आयोगका अध्यक्ष रामबहादुर थापा मगरले विज्ञप्ति जारी गर्दै केबलकार निर्माणको विरोध गरेका हुन् ।

◆◆◆

## श्रमबजार रुपान्तरित...

यता साउदी अरबमा सञ्चालित कम्पनी प्रविधि अपनाउने, मिलेसम्म स्वचालित कामहरू सञ्चालन गर्न प्राविधिक साक्षरता, नेटवर्कमा सीपयुक्त, साइबर सुरक्षा र एआइसँग सम्बन्धित जनशक्तिको मागमा केन्द्रित भएको छ । युएई पनि उस्तै तयारीमा छ । डिजिटल प्रविधिको प्रयोगमार्फत जलवायु परिवर्तनबाट व्यवसायलाई कसरी संरक्षणका गर्न सकिन्छ भनेतर्फ आवश्यक काम भइरहेका छन् । डिजिटलाइजेसन, जलवायु न्यूनीकरण र बढ्दो लागतजस्ता कारण युरोपको श्रमबजार पनि प्रभावित हुने भएको छ । दक्ष जनशक्तिको अभाव पूर्ति गर्न त्यहाँ पनि आवश्यक तयारी थालिसकिएको छ ।

कोरोना महामारीयता महँगिएको दैनिकी, भूराजनीतिक द्वन्द्व, मौसमी जटिलता र आर्थिक मन्दीले गर्दा प्रविधिको विकासलाई थप द्रुत बनाएको अध्ययनले देखाएको छ । जनगणना २०७८ का अनुसार नेपालमा अक्सर बेरोजगारी ६.९६ प्रतिशत छ । यहाँ काम भेटिए पनि दैनिकी चलाउन मुस्किल हुने भन्दै बर्सेनि लाखौं युवा रोजगारीका लागि बाहिरिन्छन् । छिटोछिटो फड्को मारिरहेको प्रविधिको क्षेत्रले श्रमबजारमा ठूलो भिन्नता ल्याउने निश्चित छ । यसका संकेतहरू देखिन थालिसकेका पनि छन् ।


**साउदी/युएइमा रोजगार** — कम्पनी : ADVANCED STANDARDS LOGISTICS SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 317819 चलानी नं. ६०२३२०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Truck Driver | 3 | 0 | 1800 | ६६,६९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ LT. No. 315305 चलानी नं. ६०२२९६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Attendant F & B | 10 | 10 | 1500 | ५६,७५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 80 | 1020 | ३८,५९५ | | | | | | | |
| 3 | Cleaning Supervisor | 5 | 5 | 2500 | ९४,५९६ | | | | | | | |
| 4 | Concierge | 10 | 10 | 1450 | ५४,८६६ | | | | | | | |
| 4 | OFFICE ASSISTANT | 10 | 10 | 1200 | ४५,४०६ | | | | | | | |
| 5 | Team Leaders | 5 | 5 | 1800 | ६८,१०९ | | | | | | | |
| 6 | waiter/waitress | 20 | 20 | 1450 | ५४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)**
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196



**युएइमा रोजगार** — कम्पनी : AL DIYAR AL LAMIE BUILDING MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ LT. No. 317875 चलानी नं. ६०२३२१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER | 15 | 0 | 1200 | ४५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०
**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.com



**युएईमा रोजगार** — कम्पनी : SUROOR AL WALI HOSPITALITY EST

पूर्व स्वीकृति मिति : २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१५ LT. No. 298308 चलानी नं. ६०२१४०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 2500 | ९४,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 55 | 20 | 1000 | ३७,३४० | | | | | | | |
| 3 | Hr Manager | 1 | 0 | 2500 | ९४,५९५ | | | | | | | |
| 4 | Marketing Manager | 2 | 0 | 2500 | ९४,५९५ | | | | | | | |
| 5 | Messenger | 5 | 0 | 1000 | ३७,३४० | | | | | | | |
| 6 | Office Manager | 1 | 0 | 2500 | ९४,५९५ | | | | | | | |
| 7 | Operation Manager | 2 | 0 | 2000 | ७५,६७५ | | | | | | | |
| 8 | Waiter/waitress | 10 | 7 | 1000 | ३७,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BON MANPOWER PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम ईजाजत नं. 1514/074/075



**साउदीमा रोजगार** — कम्पनी : Al Najm Al Thaqib Scaffolding Co.

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ LT. No. 317797 चलानी नं. ६०२३२०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 5 | 0 | 1000 | ३७,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**MAURITIUS मा रोजगार** — कम्पनी : TOPBUILDER CO LTD

पूर्व स्वीकृति मिति : २०८०/०८/०७ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/१५ LT. No. 295024 चलानी नं. ६०२१०३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 60 | 0 | 16665 | ४९,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 6 | 0 | 16665 | ४९,८७२ | | | | | | | |
| 3 | Helper | 7 | 0 | 16665 | ४९,८७२ | | | | | | | |
| 4 | MASON | 100 | 0 | 16665 | ४९,८७२ | | | | | | | |
| 5 | Operator back Hoe Loader and Skid Steer Loader | 3 | 0 | 16665 | ४९,८७२ | | | | | | | |
| 6 | STEEL FIXER | 30 | 0 | 16665 | ४९,८७२ | | | | | | | |
| 7 | Supervisor | 10 | 0 | 16665 | ४९,८७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, १६ माघ, २०८१

| | |
|---|---|
| मेष | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| वृष | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| मिथुन | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| कर्कट | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| सिंह | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कन्या | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| तुला | सुखद् समाचारले उत्साह जगाउन छ । |
| वृश्चिक | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| धनु | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| मकर | दिगो कामको जग बसाउन सकिने छ । |
| कुम्भ | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| मीन | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ माघ, २०८१ (२९ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.८६ | १३८.४६ |
| युरो | १ को | १४४.९३ | १४५.५६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.४३ | १७३.१८ |
| स्विस फ्रैन्क | १ को | १५३.६७ | १५४.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८२ | ८७.२० |
| क्यानाडियन डलर | १ को | ९६.०३ | ९६.४५ |
| सिङ्गापुर डलर | १ को | १०२.६४ | १०३.०९ |
| जापानी येन | १० को | ८.९६ | ९.०० |
| चिनियाँ युआन | १ को | १९.०१ | १९.०९ |
| साउदी अरब रियाल | १ को | ३६.७५ | ३६.९१ |
| कतारी रियाल | १ को | ३७.८१ | ३७.९८ |
| थाई भाट | १ को | ४.१० | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५३ | ३७.७० |
| मलेसियन रिङेट | १ को | ३१.४९ | ३१.६२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.५९ | १२.६५ |
| डेनिस क्रोनर | १ को | १९.४२ | १९.५१ |
| हङकङ डलर | १ को | १७.७० | १७.७८ |
| कुवेती दिनार | १ को | ४४७.६७ | ४४९.६२ |
| बहराइन दिनार | १ को | ३६५.६८ | ३६७.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शितलनिवासमा पहिलोपटक ल्होछारको पूजापाठ

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति भवन शीतल निवासमा एक समारोहबीच सोनाम ल्होछारको शुभकामना दिएका छन् । मंगलबार बिहान लामा गुरु, ताम्बा र बोम्बोले विधिपूर्वक पूजा सम्पन्न गरेपछि राष्ट्रपति पौडेलले ल्होछारको शुभकामना दिएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनाम ल्होछारजस्ता पर्वहरूले सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ गर्न योगदान दिने विश्वास व्यक्त गरे । विभिन्न सांस्कृतिक विविधता बोकेको नेपालमा तामाङ जातिको ठूलो समुदाय रहेको र तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा ल्होछार परम्पराको विशिष्ट र अत्यन्तै महत्त्वपूर्ण स्थान रहेको पौडेलको भनाइ थियो ।

राष्ट्रपति पौडेलले गणितीय ज्योतिष परम्परामा आधारित ल्होछार पर्व तामाङ संस्कृतिकै एक अभिन्न अंग भएको बताउँदै यसले तामाङ जातिको उद्गम, सभ्यता, सांस्कृतिक अस्तित्व र पहिचानलाई समेत प्रतिविम्बित गर्दछ भन्ने आफूले बुझेको स्पष्ट पारे ।

पूजापाठ कार्यक्रममा ल्होछार मूल आयोजक समितिका संयोजक मोहन गोले तामाङले तामाङ समुदायले मनाउँदै आएको सोनाम ल्होछारका लागि पहिलोपटक राष्ट्रपति निवासमा यस खालको कार्यक्रम आयोजना गरेकोमा धन्यवाद ज्ञापन गरे । 'इतिहासमै पहिलोपटक राष्ट्रपति निवासमा यसखालको पूजापाठ गरेर अपनत्व लिनुभएको छ। यसले निरन्तरता पाउने आशा गरेको छु,' तामाङ घेदुङका अध्यक्षसमेत रहेका गोलेले भने ।

राष्ट्रपति कार्यालयले पहिलोपटक सोनाम ल्होछारको अवसरमा शुभकामना तथा पूजापाठ कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा, पूर्वमन्त्री तथा सांसदसहित तामाङ संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सोनाम ल्होछार भोलि बिहीबार परेको छ । तामाङ समुदायले विभिन्न कार्यक्रम गरी देश तथा विदेशमा ल्होछार मनाउँदै छन् । ल्होछार मूल आयोजक समितिले आज काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा 'ल्होछार इभ' मनाउने र बिहीबार बृहत् सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तय भएको छ । चन्द्रपात्रोअनुसार माघ १७ गते डुक अर्थात् ड्रागन वर्गको बिदाइ र डुल (सर्प) वर्गको स्वागत गरिँदै छ। ल्हो (वर्ग) फेर्ने यस दिनलाई नयाँ वर्षको रूपमा मनाउने गरिन्छ ।

# मनमोहन अस्पतालपीडित मजदुरको शान्तिपूर्ण धर्ना

**काठमाडौं (प्रस)–** स्वयम्भूस्थित मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालबाट पीडित मजदुरको न्याय माग गर्दै विभिन्न श्रमिकसम्बद्ध संगठनहरूले शान्तिपूर्ण प्रदर्शन गरेका छन् । मंगलबार टेकुस्थित श्रम तथा रोजगार कार्यालयमा उनीहरूले धर्ना दिएका थिए ।

नेपाल सुरक्षा श्रमिक ट्रेड युनियन, नेपाल स्वतन्त्र आउटसोर्स श्रमिक संगठन, नेपाल एकीकृत होटल क्यासिनो तथा रेस्टुरेन्ट मजदुर युनियन र नेपाल स्वास्थ्यकर्मी युनियनले संयुक्तरूपमा धर्ना कार्यक्रम आयोजना गरेका हुन् । धर्नामा मनमोहनबाट पीडित मजदुरहरूसमेत उपस्थित थिए ।

उनीहरूले अदालतको फैसला तत्काल कार्यान्वयन गर्नुपर्ने, श्रम ऐनमा भएको व्यवस्थाबमोजिम २१ दिनभित्र जारी श्रम विवाद निरूपण गर्नुपर्ने, श्रम निरीक्षण प्रणाली कार्यान्वयन गर्नुपर्ने, न्याय निरूपणमा ढिलासुस्ती अन्त्य गर्नुपर्ने, श्रमिकलाई दुःख हैरानी दिने कर्मचारीलाई कारबाही गर्नुपर्नेलगायत माग अघि सारेका छन्।

एकीकृत ट्रेड युनियन उपमहासचिव प्रेमबहादुर कार्कीले कार्यक्रममा बोल्दै मजदुरीले पाउनुपर्ने आधारभूत सेवा सुविधा उपलब्ध गराउने बारेमा नियम बनाएको तर कार्यान्वयन नभएको बताए । श्रमिकले श्रम गरेबापतको सेवा सुविधा प्राप्त गर्न तीन वर्षदेखि कुर्नुपरेको उनको भनाइ छ । उनले ५३ जना पीडित मजदुरलाई जसरी पनि न्याय दिलाउने प्रतिबद्धता जनाए । एकीकृत महासंघका सचिव दिनेश घिमिरेले श्रम तथा रोजगार कार्यालयले न्याय दिनुपर्ने बताए । पीडित मजदुर संगीता यादवले आफूहरूले न्याय नपाएका कारण धर्नामा बस्नुपरेको बताइन् ।


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
**महांकाल, काठमाण्डौ**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति : २०८१/१०/१६)**

यस सेन्टरबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार ई-विडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव (Technical Bids) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज को उपनियम ४ बमोजिम मूल्यांकन हुँदा तपशिलका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राहि देखिएकोले सोहि नियमको उपनियम (५) बमोजिम मिति २०८१/१०/२३ गते दिनको २:०० बजे यस सेन्टरमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

1. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/05-081/82/The Procurement of Supply and Delivery of Medicine and Medicinal Items package-I)
   1.G.H. Medihealth Concern Pvt.Ltd, Madhyapur thimi, Bhaktpur
2. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/06-081/82/The Procurement of Supply and Delivery of Medicine and Medicinal Items Package-II)
   1.Pancha Kumari Medicine Suppliers, Tripureshwor, Kathamndu
3. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/09-081/82/The Procurement of Supply, Delivery and Installation of Hemo Dynamic Monitor)
   1.Galaxy Healthcare Pvt.Ltd, Kupondole, Lalitpur
4. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/10-081/82/The Procurement of Supply, Delivery and Installation of High-End Color Doppler Ultrasound Machine)
   1. Medtronix Nepal Pvt.Ltd, Kathmandu
5. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/13-081/82/The Procurement of Supply, Delivery and Installation of High End Anesthesia Workstation for Routine operation Theatre)
   1.M.Care Technology Pvt.Ltd, Kathmandu
6. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** (IFB No: NTrC/G/NCB/14-081/82/The Procurement of Supply, Delivery and Installation of High End Anesthesia Workstation for Emergency operation Theatre)
   1.Lumbini HealthCare Pvt.Ltd, Kathmandu

**प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०७/०९ मा दर्ता भएको **केरबेरोज एकेडेमी प्रा.लि. (प्रा.लि. नं. ७७१४५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०६/०२ मा दर्ता भएको **किरण निमार्ण सेवा प्रा.लि. (प्रा.लि. नं. १५६०३३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**डिभिजन वन कार्यालय, सोलुखुम्बुको**
**काठ लिलाम बिक्री गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०७१।१०।१६**

जिल्ला अस्पताल फाफ्लु सोलुखुम्बुको कार्यालय परिसरका रुख कटानबाट उत्पादन भई सोही कार्यालयको घाटगद्दीमा रहेका गोब्रे सल्ला प्रजातिका गोलिया थान २७ को ३७३.०५ न फिट गोलिया काठ सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो २१ (एक्काईस) दिनको सूचना प्रकाशन गरिएको छ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटी र dfosolukhumbu.koshi.gov.np मा राखिएको छ ।

**थप जानकारीका लागि**
**फोन नम्बर: ९८५२८२८०३४**



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **Radium International Employment Services Pvt.ltd** (ई.प.नं. ९६८/०६७/०६८) मा कार्यरत **सुर्य बहादुर कार्की र मनोज जङ कार्की**ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License No. 968/067/068
RADIUM INTERNATIONAL EMPLOYMENT SERVICES PVT.LTD
New Baneshwor-31, Kathmandu, Nepal, Tel: 01-4589492, 4585172,
E-mail : info@radiumemployment.com, Web: https: www.radiumemployment.com



**साउदीमा रोजगार** कम्पनी : MODERN SOLUTIONS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317831 | चलानी नं. ६०२३२०८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labor | 5 | 0 | 1000 | ३७,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : New Oasis Auto Services Workshop

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317830 | चलानी नं. ६०२३२०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1200 | ४२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७



**युएइमा रोजगार** कम्पनी : SURGELINE FACILITIES MANAGEMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ | LT. No. 317792 | चलानी नं. ६०२३२०७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Helper | 45 | 0 | 1200 | ४५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INNOVO ROADS INFRASTRUCTURE & MARINE WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317877 | चलानी नं. ६०२३२११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ROAD MAINTENANCE LABOUR | 29 | 0 | 800 | ३०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317791 | चलानी नं. ६०२३२०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 100 | 0 | 800 | ३०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 75 | 8 | 1200 | ४५,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६



**Asal Hygiene Products Pvt. Ltd.**
**Bhaktapur, Nepal**

**सर्वसाधारणको जानकारीका लागि सार्वजनिक सूचना**

यस **Asal Hygiene Products Pvt. Ltd, Bhaktapur, Nepal** द्वारा उत्पादित तपसील बमोजिमका स्यानिटरी प्याडहरुको मूल्य सार्वजनिक गरिएको व्योहोरा सर्वसाधारणमा जानकारी गराईन्छ ।

| Product Name | Wholesale Rate | MRP |
|---|---|---|
| Juni Ultra-thin Sanitary Pad 8 pcs Per Pack, Length 240 mm. Width 70 mm. Thickness 1.5 mm, Absorption Capacity 80-100 ml. | Rs.85/- | Rs.100/- |
| Juni Ultra-thin Sanitary Pad 8 pcs Per Pack, Length 265mm. Width 70 mm. Thickness 1.5 mm, Absorption Capacity 100-140 ml. | Rs.100/- | Rs. 120/- |
| Ladysoft Ultra thin Sanitary Pad 8 pcs per pack, Length 280 mm, width 75 mm, Thickness 1.5 mm Absorption Capacity 80-100 ML | Rs.100/- | Rs. 120/- |

**नोट: उल्लेखित दरमा डिलरलाई दिएअनुसारको छुट दिन सकिनेछ ।**



**Paterwa Sugauli Rural Municipality**
**Office of Rural Municipal Executive**
**Paterwa Sugauli, Parsa**
**Madhesh Province, Nepal**

**Notice of Invitation For Electronic Bid**

**First Date of Publication: 2081/10/15 (28rd January 2025)**

1. Paterwa Sugauli Rural Municipality, Parsa Invites electronic Bids From eligible Nepalese bidders for the following works.

| S.N. | Contract Id No. | Project Name | Bid Validity Period/ Security period from the last date of submission | Estimated Amount (Inclusive VAT) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/PSRMUN/NCB/ WORKS/2081/082 | Gaadi Nadi Niyantran, Paterwa Sugauli Ga. Pa. Ward No. 1,2,3 | 90/120 days | 11,201,587.44 | 287,500.00 | 3000.00 | |

Further Information's to bidder:

| | |
|---|---|
| Deadline for Bid Submission : | 2081/11/15 ( 27/02/2025) till 12:00 Noon |
| Date , Time & Place of Bid Opening | 2081/11/15 (27/02/2025) 1:00 pm at Paterwa Sugauli Rural Municipality |
| Account No. for Bid Document Purchase: | **Name of Bank :-** Sanima Bank ,Paterwa Sugauli-Parsa<br>**Name of Office :-** Paterwa Sugauli Ga. Pa. Aantrik Rajaswa khata Ga 1.1<br>**Office Account no :** 064010040000008 |
| Account No. for Bid Security Deposit: | **Name of Bank :-** Sanima Bank ,Paterwa Sugauli-Parsa<br>**Name of Office :-** Paterwa Sugauli Ga.Pa. Dharauti Khata Ga-3<br>**Office Account no :** 064010020000005 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Paterwa Sugauli Rural Municipality Office , Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to Submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जनबोलीसँग तर्सिएको सरकार

**जब सरकार कमजोर हुन्छ, जनतालाई लाठी बर्साउन तम्सिन्छ । हो अहिले सरकार सामाजिक सञ्जाल नियमनको नाममा अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज लगाउने अभियानमा यसरी नै जुटेको देखिन्छ । प्रगति जनचाहना हो । अहिले जनताको मुख्य माग हो– विकास । अर्को महत्त्वपूर्ण आशा हो– सुशासन । अनिमात्र जनताले रोजगारीको अपेक्षा गरेका छन् । यस्तो आशा गर्नु सचेत जनताको गुण हो । तर सरकारले माथिका तीन आधारभूत आवश्यकतामा कुनै सिन्को भाँच्ने काम गर्न सकेको छैन ।**

**यसैको असन्तुष्टि अहिले सर्वत्र छरिएको छ । विकासले लय समात्न सकेको छैन । बजेट कनिका छरेझैं छरिएको छ । पहुँचवालाको क्षेत्रमा मात्र बजेट पुग्छ । सुशासन कुनै पनि हिसाबले सुधारोन्मुख देखिएको छैन । पुरानो पार्टी होस् या नयाँ, भ्रष्टाचारमा जोडिएकै छन् । जुन जोगी आए पनि कानै चिरेका भन्ने नेपाली उखान चरितार्थ पार्ने गरी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति अहिले विनाधितो बैंक ग्यारेन्टीमा छुट्दै छन् । यसले निजी क्षेत्रको आर्थिक निकायमाथि पनि प्रश्न उठ्न थालेको छ– कसरी बैंकले ग्यारेन्टी दिँदै छ भनेर ।**

**रोजगारी छ छैन भनेर कही जानुपर्दैन, विदेश पढ्छु भनेर एनओसी लिएकाहरू र श्रम स्वीकृति लिएका संख्या हेरे पुग्छ । अभिलेखमा भएकाभन्दा तीन गुणाभन्दा बढी युवा विभिन्न माध्यममा विदेसिइरहेका छन् । देशमै केही गर्छु भनेर वर्षौं पढेका युवा जब विदेश पुग्छन्, उनीहरूले देशको नेताहरूमाथि रिस पोख्न थाल्छन् । उनीहरू नेपालमा भएका आफन्तलाई सरकारको वास्तविकता भन्छन् । यही रिस सामाजिक सञ्जालमा पोखिन्छन् । पछिल्लोपटक नेपाली कांग्रेसदेखि रास्वपासम्मका शीर्ष नेताहरूमाथि सामाजिक सञ्जालमा गालीको वर्षा हुन्छ । त्यसैले होला दलहरू मिलेर सरकारबाट सामाजिक सञ्जाल नियमन गर्ने विधेयक सदनमा पेस भएको छ । दलहरूले यो हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन बनाउने भन्दै धमाधम विभिन्न विधेयक सदनमा पेस गरेको छ ।**

**यसमध्ये सामाजिक सञ्जाल नियमन विधेयक यस्तै रोष र आलोचनामा बन्देज लगाउनेगरी आएको छ । यसमा सर्वसाधारणलाई २५ लाख रूपैयाँसम्मको जरिवाना तोकेर सर्वसाधारणलाई तर्साउने सरकारको तयारी देखिन्छ । जनताबाटै चुनेर आएको सरकार जनतासँगै डराएर यस्तो तानाशाही र निरंकुश व्यवस्था ल्याउन खोज्नु आकाशतिर थुक्नुसरह हो । यदि ल्याइहाले यो आफ्नै खुट्टामा बञ्चरो हानेसरह हुने छ ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारमा जाने माध्यम

१. इजाजतपत्रवाला (म्यानपावर कम्पनी) संस्थामार्फत वैदेशिक रोजगारमा सबैभन्दा सरल र भरपर्दो तरिकाले जान सकिन्छ । कानुनले तोकेका सबै प्रक्रिया पूरा गरेर यो प्रक्रियामार्फत वैदेशिक रोजगारीमा गए कानुनी सुविधा र अन्य संयन्त्रको पहुँचमा पुग्न सकिन्छ । यस्ता कम्पनीले विदेशबाट माग ल्याएका हुन्छन् । ती माग वैदेशिक रोजगार विभागबाट पूर्वस्वीकृति लिएर, अनिवार्यरूपमा राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना निकालेको हुनुपर्दछ । सूचनामा पूर्वस्वीकृति मिति र कूल लागत उल्लेख हुनुपर्दछ ।
रोजगारदाता कम्पनी र सम्बन्धित मुलुकबारे जानकारी लिइसकेपछि उक्त मुलुकमा जाँदा लाग्ने खर्चबारे आफैंले पनि जानकारी लिनुपर्दछ । व्यवसायीले सूचना प्रकाशन गरेको/नगरेको यकीन गर्नुपर्दछ । आशंका भए वैदेशिक रोजगार विभागमा सोधपुछ गरी यकीन गर्नुपर्दछ । म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारमा विशेषगरी संगठित क्षेत्रको काममा जाँदा तुलनात्मकरूपमा सुरक्षित हुन सकिन्छ ।

२. व्यक्तिगत स्वीकृति लिएर व्यक्तिगत प्रयासबाट विदेशको कुनै रोजगारदातासँग सम्झौता गर्न सकेमा व्यक्तिगत स्वीकृतिमा वैदेशिक रोजगारमा जान सकिन्छ । तर वैदेशिक रोजगारमा जाने यस्ता कामदारका लागि सरकारले विशेष मापदण्ड बनाएकाले यस्तो मापदण्ड पूरा गर्नुपर्छ । यसलाई व्यवस्थित गर्न व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका, २०६९ जारी भएको छ । यस निर्देशिकाले सम्बन्धित व्यक्तिको आमा, बाबु, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, पति, पत्नि, छोरा, छोरीलाई मात्र नाताको रूपमा स्वीकार गरेको छ । यो प्रक्रियामा वैदेशिक रोजगारमा जाँदा संस्थागत सुरक्षाको भने अभाव हुन्छ । आफन्त वा साथीहरूका माध्यमबाट विदेशमा काम गर्न जान चाहने कामदारहरूले माथि उल्लिखित सम्पूर्ण प्रक्रियाहरू पूरा गरी वैदेशिक रोजगार विभागको स्वीकृति लिनुपर्दछ । दूतावासबाट प्रमाणित नभएको काममा व्यक्तिगत स्वीकृति लिएर जानेहरू बढी जोखिममा परेका हुन्छन् । घरेलु कामदारहरूको हकमा टिकट, भिसा आदि जस्ता खर्च नलाग्ने हुन्छ ।

३. नेपाल सरकारको स्वामित्वमा भएको संस्थामार्फत यो प्रक्रिया सबैभन्दा सुरक्षित प्रक्रिया हो । नेपाल सरकारले कुनै कूटनीतिक सम्बन्ध कायम भएका मुलुकसँग सम्झौता गरेर यस प्रक्रियामा कामदार पठाउने व्यवस्थागर्न सक्छ । जस्तो इपिएस प्रणालीअन्तर्गत दक्षिण कोरियामा नेपाली कामदारहरू हाल पठाइने गरेको छ ।

४. नेपाल सरकारले तोकेको संस्थाबाट मात्र यो प्रक्रियामा सरकार सरकारबीच सम्झौता भए पनि कामदार छनोट गर्ने प्रक्रिया भने कुनै निश्चित संस्थालाई दिनसक्छ । जस्तो हाल जापान पठाउन सरकारले यस्तो प्रक्रिया अपनाएको छ ।

# सहिदको योगदानको मूल्य



■ मनोहर कार्की

> सहिदको सपना तब साकार हुन्छ, जब हामीले लोकतन्त्रका असल अभ्यासलाई जनताका हित र निष्ठाको राजनीतिलाई मलजल पुऱ्याउन सकिएला । मुलुक हाँक्नेहरूले जनता जनार्दन हुन र जनजीविकाका सवाललाई लोकतन्त्रको मियोका रूपमा लिई सरकार सञ्चालन गरिनु युक्तिसंगत रहन्छ । राजनीतिक तथा नागरिक क्षेत्र सबैको समान चासो र गाम्भीर्यता रहेमा भोलिको सुनौलो नेपाल क्षितिजमा छ । लोकतन्त्रको स्थापना र संस्थागत विकासका लागि सहिदको बलिदानको मूल्य जनताको यावत् मानवअधिकार, समानता, न्याय तथा मानवीय वैभवमा निरन्तर पैरवी आवश्यक छ ।

हामीले राजनीतिकको ऐतिहासिक पाटोको सारभूत विश्लेषण तथा यथार्थपरक मान्यता र पद्धतिको समुल पैरवी गरेर थाकेनौं । बखान र विवेचनाका सारमा प्रजातन्त्र र लोकतन्त्रका मान्यतालाई अभ्यास र जीवन पद्धति बनाउनुमा उपलब्धि रहला । जनताका उन्मुक्ति र जनअधिकार तथा प्रजातन्त्रका लागि जीवन उत्सर्ग गर्ने व्यक्तिबारे समसामयिक वैचारिक बहसमा भुल्न नसकिने त्यस्ता राष्ट्रिय व्यक्तित्त्वहरूमा अमर सहिदहरूको नाम अग्रपंक्तिमा आउँदछ । नेपालले प्रजातन्त्र, लोकतन्त्रहुँदै गणतन्त्रको शासकीय स्वरूपको अभ्यास र पद्धतिको संस्थागत विकास तथा जनतालाई वास्तविक अर्थमा अधिकार सम्पन्न बनाउने उच्च अभिलाषाले अनुप्राणित भई अमूल्य जीवन उत्सर्ग गर्ने वीर सहिदको योगदानको पुनःसंस्मरण गर्दै रहेका छौं । संघीय राज्य संरचनाको मान्यतालाई कार्यान्वयन तहमा परिणाममुखी कार्य भए त्यो राज्य र जनताकातर्फबाट वीर सपूतप्रति सच्चा श्रद्धाञ्जली हुनसक्छ ।

प्रत्येक वर्ष मनाइने सहिद दिवस सप्ताह र औपचारिक कार्यक्रमले मात्र सहिदको सपना साकार हुन सक्दैन । सामान्य जनताले बुझ्ने र अनुभूति गर्ने विकास र रूपान्तरणका खाकाको आवश्यक छ । सुशासन, जनसेवा र तल्ला तहका सीमान्तकृत जनताले लोकतन्त्रको अनुभूति गर्ने वातावरण निर्माण गर्ने प्राथमिक दायित्व सरकार र जनप्रतिनिधिमूलक निकायमा रहन्छ । सहिदले कोरेका पथमा दृढ इच्छाशक्ति र इमान्दारिताका साथ अघि बढ्नु अपरिहार्य हुन आउँछ ।

नेपाली जनतालाई रैतीबाट सम्मानजनक नागरिकको हैसियतमा उभ्याउने अभियानमा निरंकुश राणाशाहीको क्रुर शासनको उभारको समयमा बुलन्द आवाज उठाउने वीर सहिदको गाथाले इतिहासका स्वर्णिम पाना भरिएका छन् । यसको मौलिक सार र महत्त्व छ । ऐतिहासिक क्रममा वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलन र यसको उपलब्धि तात्कालिक घटनाक्रममा राजा र आन्दोलनकारी राजनीतिक शक्तिहरूको सहकार्य र प्रजातन्त्रप्रतिको जनउभारको रूपमा लिन सकिन्छ । प्रजातन्त्रको स्थापना र नागरिक अधिकार प्रत्याभूतिका लागि जयतु संस्कृतम् तथा नेपाल प्रजा परिषद्ले प्रारम्भिक समयमा खेलेको भूमिका स्मरणीय छ ।

प्रस्थानविन्दुको पेचिलो समयक्रममा यस्ता संस्थाको साहसिक प्रयास सरहानीय छ । नागरिक अधिकार र प्रजातान्त्रिक अधिकारका अग्रज अभियन्ताहरूको अथक प्रयास र तीनका विचार, मान्यता र अभियानलाई निरन्तरता दिने साहसिक अभियान पथप्रदर्शक हुन् । तिनै पदचापलाई अनुशरण गरी राणा शासनविरुद्धको प्रजातान्त्रिक आन्दोलन अघि बढेको हो । प्रजातन्त्रको स्थापना एकमात्र उद्देश्य लिएर जनतालाई रैतीबाट सम्मानजनक नागरिक बनाउने दिशामा १०४ वर्षको जहाँनिया निरंकुश राणा शासनका विरुद्धमा निडर र साहसिक पथप्रदर्शक अमर सहिदले ज्यानको आहूति दिए । वीर सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको जीवन आहूति तथा प्रजातन्त्रको स्थापनामा योगदानका मूल्यलाई हामीले कसरी चुकाउन सकेका छौं भन्ने कुरा सारमा दूरगामी महत्त्व बोक्दछ ।

नेपालको प्रजातान्त्रिक आन्दोलन, शासक वर्गको निरंकुशता र स्वेच्छाचारिताविरुद्ध इतिहासका विभिन्न कालखण्डमा विद्रोह, विग्रह र सशस्त्र आन्दोलन भएका घटनाक्रम बग्रेल्ती छन् । सहिद लखन थापामगरलाई नेपालको पहिलो सहिदका रूपमा मानि आएको पाइन्छ, जसले तात्कालिक राणा शाहीविरुद्ध जनविद्रोहको विगुल फुक्ने साहस गरे । त्यसैगरी सुब्बा कृष्णलाल अधिकारीले मकै खेती नामक साहित्यिक कृतिका माध्यमबाट जनतामा राणा शासनविरुद्ध जनचेतना फैलाउने प्रयास गरे । कृतिमा 'मकै खाने रातो टाउको र कालो टाउको भएको किरा' प्रतीकात्मक विचार सम्प्रेषण गरेको र शासकविरुद्ध लक्षित रहेको निष्कर्ष निकाल्दै प्रधानमन्त्री चन्द्र शमशेरले उनलाई पक्राउ गरी जेल हाले । वि.सं. १९८० मा जेलमै कृष्णलाल अधिकारीको निधन भयो । प्रजातान्त्रिक आन्दोलनका सशक्त योद्धा प्रजा परिषद्का अध्यक्ष टंकप्रशाद आचार्य, रामहरि शर्मा, जीवराज शर्मा र पुष्करनाथ उप्रेतीले ब्राह्मण भएकै कारणले ज्यान सजाय पाएनन् । उनीहरूलाई चारपाटे मुड्ने दामलसहित जात पतन गर्ने सजाय दिइयो । नेपाली समाजले जिउँदा सहिदका रूपमा पुज्दछन् । नेपालको प्रजातान्त्रिक आन्दोलनमा विभिन्न कालखण्डमा साहसिक प्रजातान्त्रिक योद्धाहरूले पञ्चायती निरंकुशता र बर्बरताविरुद्ध आन्दोलनको उभार र ज्वारभाटा ल्याउने सत्प्रयास गर्दा सहिद भीमदत्त पन्त, दुर्गानन्द झा, रत्नकुमार वान्तवा तथा क्याप्टेन यज्ञबहादुर थापाले वीरगति प्राप्त गरेको इतिहास छ ।

सहिद दिवसको औपचारिक कार्यक्रमको थालनी वि.सं. २०१२ सालमा तात्कालिक काठमाडौं नगरपालिकाको अगुवाइमा भएको पाइन्छ । नागरिक समाज तथा सामाजिक जीवनका विभिन्न निकायको सहकार्यमा सहिदको सम्मान र योगदानको कदरस्वरूप सहिद सप्ताहका रूपमा मनाउने परम्परालाई निरन्तरता दिँइदै छ । यस वर्ष पनि सहिद दिवसको कार्यक्रम माघ १० गतेदेखि १६ गतेसम्म प्रजातन्त्र र नागरिक स्वतन्त्रताका लागि अमूल्य जीवन आहूति दिने वीर सहिदहरूको उच्च मूल्यांकन गर्दै मनाइरहेको छ । सहिदका गाथाले इतिहासमा छुट्टै पहिचान र आस्थाको सोपान झल्किन्छ । पञ्चायती व्यवस्थाको कहालीलाग्दो समयमा जनअधिकार र बहुदलीय प्रजातन्त्रको पुनःस्थापनाका लागि धेरै साहसी नेपालीले बलिदान दिए । तिनकै पदचाप अनुशरण गर्दै २०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धिका रूपमा ३० वर्षसम्मको निरंकुश पञ्चायती व्यवस्थाको अवसान भई प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनःस्थापना हुनसक्यो । २०६२/६३ को दोस्रो ऐतिहासिक जनआन्दोलनले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गऱ्यो । मुलुक प्रजातन्त्र, लोकतन्त्रका आयामसहित संघीय गणतन्त्रको अभ्यासमा अघि बढ्दै छ ।

जनताका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार खेसिएको त्यो एक शताब्दीभन्दा बढी समयको निरंकुश शासन अन्त्यका लागि वीर सहिदहरूको योगदान आज त्यत्ति नै सान्दर्भिक छ । हाम्रो परम्पराको विडम्बना नै भन्नुपर्ला सहिद दिवस हरेक वर्ष मनाइए पनि धैरेजसो कार्यक्रम औपचारिकतामा नै सीमित हुँदै आए । देशमा लोकतान्त्रिक गणतन्त्रको वीजारोपणसँगै राजनीतिक उपलब्धिको रक्षा, जनजीविकाका सवाल, युवाका आकांक्षा समेट्नु लोकतन्त्रको संस्थागत विकास साझा दायित्व हो । सहिदले देखेका सपना र समाज रूपान्तरणको अभियान अझै सकिएको छैन । वर्गीय शोषण र असमानता अझै विद्यमान छ । समाजमा आमूल परिवर्तन र असमानताको अन्त्यका लागि लोकतान्त्रिक सरकारको अर्जुनदृष्टि रहनुपर्दछ । तबमात्र सहिदको सपना साकारोन्मुख होला ।

खास मानेमा राजनीतिक दल तथा तिनका कार्यशैलीले जनतामा सधैं हौसला र नवीन ऊर्जा उत्सर्जन गरिरहने वातावरणको आभाष दिन सक्नुपर्दछ । प्रमुख राजनीतिक दलहरूका बीचमा संवाद, सहकार्य एकता र मेलमिलापका मान्यतालाई अघि बढाउन सकिएको खण्डमा मुलुकले स्पष्ट दिशाबोध पाउन सक्ने छ । मुलुकलाई समृद्धि र दिगो विकासतर्फ उन्मुख गराउने सवालमा सरकार, राजनीतिक दल तथा सरोकारवालाहरूको गाम्भीर्यता अपरिहार्य छ । फलतः हाम्रा राजनीतिक अभ्यास र संस्कारले लोकतन्त्रको मियोको रूपमा रूपान्तरित हुने अवसर पाउने छ । लोकतन्त्रको सार तथा राजनीतिक इमान्दारिताको कसी भन्नु नै जनमतको भावनालाई राज्य सञ्चालनको आधारका रूपमा अनुप्राणित गर्नसक्ने क्षमता देखाउनु हो । जनताका आवाज र भावनालाई मुखरित गर्ने कार्यको खास मानेमा रूपान्तरणको कसी नै संविधानको सफल कार्यान्वयन नै हो । लोकतान्त्रिक व्यवस्था, मानवाधिकार तथा प्रेस स्वतन्त्रताको पूर्णतः प्रत्याभूति, बहुलवाद तथा बहुपहिचानको उच्च मान्यता दिने संविधानका मर्म र भावनालाई मुखरित गर्ने दिशामा हाम्रा आगामी कदमहरूले महत्त्व राख्दछ । राष्ट्रिय स्वाभिमान, शान्ति र विकासका आयामसँग लोकतन्त्र व्यवहारमा अनुप्राणित हुन सक्नुपर्दछ ।

लोकतन्त्र र निर्वाचनका सवालमा अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले लोकतान्त्रिक पद्धतिको पैरवीमा, 'संविधान वास्तवमा आफैंमा कागजको खोस्टोबाहेक केही पनि होइन, तर जनसहभागिता र चुनावमार्फत हामीले यसलाई शक्ति प्रदान गरेका छौं । हामी स्वतन्त्रताको पक्षमा उभिन्छौं कि उभिदैनौं, कानुनी शासनको सम्मान र पालना गर्छौं कि गर्दैनौं भन्ने कुराले हाम्रो प्रजातन्त्र कस्तो छ भन्ने निर्धारण गर्छ' भनी व्यक्त गरेको विचार आजको सन्दर्भमा अझ उपयोगी छ । जनताका अभिमतलाई जनमतका रूपमा रूपान्तरण गर्ने प्रतिनिधिमूलक संस्थाहरूको स्थायित्व दिने दिशामा निर्वाचन र निर्वाचित संस्थाको महत्त्वलाई गहनताका साथ मनन र अभ्यास गरिनुपर्दछ । लोकतन्त्रको सन्दर्भमा राजनीतिक विश्लेषक तथा संविधानविद् डा. बीआर अम्बेडकरले समावेशी लोकतन्त्रका पक्षमा वकालत गरे । सीमान्तकृत, विपन्न तथा तल्लो वर्गका जनताले राज्यको नीति निर्माण तहमा सम्मानजनक तथा समानुपातिक प्रतिनिधित्वले नै वास्तवमै स्वस्थ र समन्यायिक लोकतन्त्रको विकास हुन्छ भन्ने आसयका साथ 'यदि लोकतन्त्रलाई नितान्त सामाजिक मूल्यमा रूपान्तरण गरिएन भने यो अन्ततोगत्वा निरंकुशतन्त्र हुन्छ र सरकार सञ्चालनको पद्धति अति नै निकृष्ट हुन आउँछ, जसको कारण आमनागरिकले पहिलेको खरो अधिनायकवादी शासन पद्धतिलाई समेत बिर्सने छन् तथा लोकतन्त्र फगत निर्वाचक लोकतन्त्रमा मात्र सीमित हुने छ' ।

सहिदको सपना तब साकार हुन्छ, जब हामीले लोकतन्त्रका असल अभ्यासलाई जनताका हित र निष्ठाको राजनीतिलाई मलजल पुऱ्याउन सकिएला । मुलुक हाँक्नेहरूले जनता जनार्दन हुन र जनजीविकाका सवाललाई लोकतन्त्रको मियोका रूपमा लिई सरकार सञ्चालन गरिनु युक्तिसंगत रहन्छ । राजनीतिक तथा नागरिक क्षेत्र सबैको समान चासो र गाम्भीर्यता रहेमा भोलिको सुनौलो नेपाल क्षितिजमा छ । लोकतन्त्रको स्थापना र संस्थागत विकासका लागि सहिदको बलिदानको मूल्य जनताको यावत् मानवअधिकार, समानता, न्याय तथा मानवीय वैभवमा निरन्तर पैरवी आवश्यक छ । सामाजिक, आर्थिक रूपान्तरणका बग्रेल्ती अवसरहरू निर्वाधरूपमा प्राप्त हुनु हो । मुलुकलाई दिगो शान्ति तथा स्थायित्व दिने इच्छाशक्ति र जनताका भोगाइलाई आत्मसात् गरे लोकतन्त्रको संस्थागत विकासमा इतिहासका विभिन्न कालखण्डमा सहादत प्राप्त गर्ने ज्ञात/अज्ञात सहिदप्रति सच्चा श्रद्धाञ्जली हुने छ ।

## पाठक मञ्च

### बचतकर्तामाथि सहकारी सञ्चालकको बेइमानी

भनिन्छ- एउटा नबिग्री, अर्कोले कमाउँदैन । अहिले ठ्याक्कै यस्तै भएको छ । सहकारीमा करोडौं बचतकर्ताको खर्बौं रकम डुबेर रुवाबासी चलिरहँदा सरोकारवाला निकायहरूमा बस्नेलाई भने कमाउने मौका मिलेको छ । झण्डै चार वर्षअघि सहकारी संस्थाहरूमा समस्या निम्तिन थाल्यो । सहकारीले बचतकर्ताको निक्षेप फिर्ता गर्न आलटाल गऱ्यो । बचतकर्ताले सुरुमा गम्भीररूपमा लिएनन् । तर, समयसँगै सहकारी समस्या जटिल बन्दै गयो । देशभर ३५ हजार बढी सहकारी संस्था दर्ता भएका छन् । यी सहकारीमा कराडौं बचतकर्ताले खर्बौं रकम जम्मा गरेका थिए ।

सहकारी सञ्चालक भागेपछि अहिले बचतकर्ताको कन्तविजोग भएको छ । बचतकर्ताहरू निक्षेप फिर्ता आउने आशामा दिनहुँ उजुरीका निम्ति कुनै न कुनै निकाय धाइरहन्छन् । कहिले सहकारी विभाग त कहिले प्रहरी चौकी । त्यस्तै स्थानीय तह, प्रदेशको सहकारी कार्यालय नधाएको पनि बचतकर्ता भेटिँदैनन् ।

रकम फिर्ता आउला कि भन्ने आशामा जतिसुकै उजुरी दिए पनि उनीहरूले एक सुको पाएका छैनन् । उल्टै अहिले त समस्या नभएका सहकारीलेसमेत विभिन्न बहाना बनाएर बचत फिर्ता दिन आलटाल गरिरहेको व्यापक गुनासो सुनिन थालिएको छ । भाग्ने सहकारी त भागिहाले । सहकारीका अध्यक्ष, सञ्चालक, कर्मचारीहरू सम्पर्कविहीन भइहाले । तर, नभागेका वा सञ्चालनमा रहेका सहकारीहरूले निक्षेपकर्ताहरूको रकम फिर्ता गरिरहेका छैनन् । यता, उजुरी दिए पनि समस्या समाधान नभएको वा निक्षेप फिर्ता नपाएको गुनासो पनि उत्तिकै छ । उजुरी दिएका निकायहरूले सहकारी अध्यक्ष, सञ्चालकसँग घूस खाएको अधिकांश पीडित बचतकर्ताहरूको आरोप छ ।

बचतकर्ताहरूले सहकारीविरुद्ध उजुरी दिएपश्चात् सम्बन्धित निकायले सहकारीका अध्यक्ष, सञ्चालकलाई छलफलका निम्ति बोलाउँछ। यसरी छलफलका क्रममा आफ्नै पार्टीको सदस्य भएको वा घूस पाएपछि कुनै कारबाही प्रक्रिया अघि नबढाइने सुनिएको छ । यतिमात्र नभई सहकारीलाई समस्याग्रस्त घोषणा नगर्न करोडौंको चलखेल भएको बताइन्छ ।

सहकारीका कारण सर्वसाधारणको घरबार तहसनहस भएको छ । उनीहरू मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । विडम्बना, सर्वसाधारणको पीडा जनप्रतिनिधि, सरकारी कर्मचारीका निम्ति कमाउने भाँडो बनेको छ । उनीहरूले बसीबसी करोडौं कमाउने मौका पाएका छन् । एकातिर बचतकर्तालाई अल्मलाउने, अर्कोतिर सहकारी अध्यक्ष, सञ्चालकहरूसँग घूस बुझ्ने । दिनभर बचतकर्ताको गुनासो सुन्ने अनि राति होटलमा सहकारी सञ्चालक, अध्यक्षहरूसँग रकम बुझ्ने क्रम बढ्दै गएको छ । सहकारी सञ्चालक, अध्यक्षहरू पनि बचतकर्ताको रकम फिर्ता गर्दैनन् तर कारबाहीबाट बच्न स्थानीय तहका जनप्रतिनिधि, सरकारी कर्मचारी र प्रहरी प्रशासनलाई घूस दिन्छन् । फेरि पनि सर्वसाधारणकै दुःखको कमाइको उनीहरूले दुरूपयोग गरिरहेका छन् । सरकार सर्वसाधारणको निक्षेपप्रति जिम्मेवार भएन ।

उल्टै जिम्मेवार निकायमा बसेकाहरूले जनताको दुःखको कमाई सहकारी अध्यक्ष, सञ्चालकबाट घूसस्वरूप बुझिरहेका छन् । अनि योभन्दा विडम्बनापूर्ण कुरा के हुन सक्छ ? सहकारीबाट बचतकर्तामात्र पीडित भएका छैनन् । घरधनीहरू पनि उत्तिकै समस्यामा परेका छन् । आफ्नो घरमा सहकारी सञ्चालन गर्न दिएका घरधनीहरूले वर्षौंदेखि भाडा पाएका छैनन् । त्यसमाथि बचत फिर्ता नपाएको झोकमा आक्रोशित बचतकर्ताहरूले आफ्नो घर तोडफोड वा आगजनी गर्नसक्ने डर, त्रास पनि घरधनीहरूमा उत्तिकै छ । अहिले आफ्नो घर खाली गराइदिन माग गर्दै घरधनीहरूले धमाधम वडा कार्यालयमा निवेदन दिइरहेका छन् । तर यसमा पनि सहकारी अध्यक्ष, सञ्चालकहरूले चलखेल गरेर घर खाली गरिरहेका छैनन् ।

सर्वसाधारणको बचत डुबाउनेमा दलकै नेता, कार्यकर्ता रहेका छन् । एमालेदेखि कांग्रेस, माओवादी, राप्रपा, मधेसी दल, मजदुर किसान पार्टीलगायत सबैजसो पार्टीका नेता, कार्यकर्ताहरूको सहकारी ठगीमा संलग्नता भेटिन्छ । जनताको रगतपसिनाको कमाइ खाने यी नै राजनीतिक दलहरू हुन् । सहकारीमा सबैभन्दा बढी लगानी एमालेका नेता, कार्यकर्ताको रहेको छ । देशभर सञ्चालित सहकारीमध्ये ७० प्रतिशत एमालेका नेता, कार्यकर्ताले खोलेका हुन् ।

बाँकी सहकारीमा कांग्रेस, माओवादी, राप्रपा, रास्वपा, मधेसी दल, मजदुर किसान पार्टीको लगानी रहेको पाइन्छ । वर्तमान सरकार कांग्रेस र एमाले गठबन्धन सरकार हो । त्यसैले, यो सरकारले रवि लामिछानेलाई समातेर जिल्ला जिल्लामा घुमाइरहेको छ भने आफ्ना नेता, कार्यकर्तालाई जोगाइरहेको अवस्था छ । कांग्रेस र एमाले जनताको नजरबाट छल गर्ने दलको रूपमा स्थापित हुँदै छन् ।

- रुषा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**लहानमा कुहिरो** | सिरहाको लहानमा मंगलबार बिहान लागेको कुहिरो । बाक्लो हुस्सु र कुहिरोले यहाँको जनजीवन प्रभावित भएको छ । *तस्बिरः सुदिप राउत/रासस*

# हात्ती आतंकः दिगो समाधानको प्रतीक्षामा किसान

■ **रमेश तिमल्सिना**

**चन्द्रपुर (रौतहट)–** जंगली हात्तीको विध्वंशले रौतहटका किसान प्रताडित छन् । गत असार महिनादेखि जंगली हात्ती रौतहटको चन्द्रपुर, वृन्दावन, गुजारा र फतुवा विजयपुर नगरपालिकाको जंगल नजिकैको गाउँमा बसिरहेका छन् । हात्तीको उपद्रोले रौतहटमा-२ दर्जनभन्दा बढी घर भत्किसकेको छ भने लाखौं मूल्य बराबरको अन्न, तरकारी र फलफूल नष्ट भएको छ ।

हात्तीको आक्रमणले रौतहटमा एक महिलाले ज्यान गुमाउनुपरेको छ भने एक घाइते भएका छन् । गत कात्तिक १६ गते फतुवा विजयपुर-११ रागीबुटुवा बस्ने ७० वर्षीया पातलीमाया तामाङको हात्तीको आक्रमणबाट ज्यान गएको थियो । तामाङको घर हात्तीले पूर्णरूपमा क्षति पुऱ्याएको थियो । जंगली हात्तीले एक्कासि घरमा आक्रमण गर्दा उनका श्रीमान् भने भागेर ज्यान बचाउन सफल भएका थिए ।

हात्तीले गत कात्तिकयता चन्द्रपुर-२ जुडिबेलामा मात्रै एक दर्जनभन्दा बढी घर भत्काएको छ । 'बस्न नहुनेगरी घर भत्कायो तर हामी भने भागेर बाँच्न सक्यौं,' स्थानीय खिकप्रसाद पन्तले भने । पुलामीटोलका राजेन्द्र ठाकुरको पनि घर हात्तीको आक्रमणले पूर्णरूपमा क्षति भएको थियो । राति सुतिरहेको बेलामा हात्तीले घर भत्काएको ठाकुरले बताए । बलमपाखी टोलका तारजन मगरको पनि हात्तीले घर पूर्णरूपमा भत्काएको छ ।

यस्तै चन्द्रपुर-३ गैंडाटारमा हात्तीले एकैरात सात घर भत्कायो । हात्तीले रौतहटमा दर्जनभन्दा बढी घर भत्काएको छ । फतुवा विजयपुर नगरपालिकामा-११ का भैसही र बुटवा बस्तीमा चार घर भत्काएको स्थानीय अजय तिमल्सिनाले जानकारी दिए । हरेक वर्ष धान पाक्ने बेला आउने हात्ती धान काटिसकेपछि जाने गरेको थियो तर यसपालि गाउँमै बस्नाले यहाँका मानिसहरू असुरक्षित महसुस गरिरहेको छन् । हात्तीले घर भत्काइसकेपछि चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्ले पीडितहरूका घरमै पुगेर जस्तापातासहित खाद्यान्न सहयोग गरेका थिए ।



जंगली हात्तीले खासगरी केराखेतीमा धेरै क्षति पुऱ्याएको छ । रौतहटको चन्द्रपुर-३ गैंडाटार र जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पुऱ्याएको छ । हात्तीले पटक-पटक गरेर करिब एक बिघामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर-३ गैंडाटारका किसान लालबहादुर दोङले जानकारी दिए । फल्ने बेला भएको करिब ७०० केराको बोटमा हात्तीले नष्ट गरेको उनको गुनासो छ । केराखेतीमा बिमा नहुँदा पनि समस्या भएको उनको भनाइ छ ।

वृन्दावन नगरपालिका-१ बलरीखोरमा पनि हात्तीले हरेक राति विध्वंश मच्चाइरहेको स्थानीय सुरेन्द्र पटेलले जानकारी दिएका छन् । केही दिनयता गाउँका बासिन्दा हात्तीका कारण रातभर जाग्राम गर्न बाध्य भएका पटेल बताउँछन् । हात्ती आउने तथा प्रभावित क्षेत्रमा पोलपोलमा बत्ती र चोकचोकमा आगोको व्यवस्था, हात्ती नियन्त्रणका लागि नियमित गस्ती र गस्तीका लागि इन्धनको व्यवस्था, हात्तीले पुऱ्याएको क्षतिको विवरण संकलन गर्ने, क्षति पुगेका घर तथा किसानलाई राहतको व्यवस्था गर्ने, घाइते भएकालाई तत्काल उद्धारका लागि एम्बुलेन्स खरिद गर्नेलगायतका निर्णयहरू गरेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जानकारी दिए ।

संघीय सांसद देवप्रसाद तिमल्सिना र प्रदेशसभा सदस्य युवराज भट्टराईले हात्ती व्यवस्थापनका लागि संघीय तथा प्रदेशस्तरबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् । प्रभावित क्षेत्रका किसान र स्थानीय बासिन्दालाई राहत तथा उद्धारमा सरकारका तर्फबाट भरपर्दो सहयोग पुऱ्याउने उनीहरूले आश्वासन दिएका छन् । बर्सेनि हात्तीको समूह रौतहटको गैंडाटार, जुडिबेला, पौराई, चन्द्रनिगाहपुर, गुजराको चोचा, मैरा, जंगलसहिया गाउँहरू, वृन्दावनको बलरी, फतुवा विजयपुर नपाको रागी बुटुवालगायत गाउँहरूमा पस्ने गरेको छ । गत वर्षमात्रै हात्तीको आक्रमणबाट चन्द्रपुरका घाँस, दाउरा गर्न गएका दुई महिलाले ज्यान गुमाएका थिए । हात्ती आतंकले गर्दा यहाँका बासिन्दा घाँस दाउरा गर्न जंगल जानसमेत छाडेका छन् ।

यसैबीच रौतहटको दक्षिणी भेगतर्फ नीलगाई र बँदेलले किसानहरूको बालीमा क्षति पुऱ्याएको छ । केही वर्षदेखि जिल्लाको कटहरिया, देबाही, लालबकैया, विजयपुर, मौलापुरका किसानका नदी किनारका खेतमा लगाइएको मकै, धान, उखु, आलु, गहुँ, केरा, धनियाँलगायत बालीमा नीलगाइले क्षति पुऱ्याउँदै आएको छ । लालबकैया नदीको दुवै किनारमा रहेका खरघारी र उखुबारीको आडमा लुकेर ठूलो संख्यामा नीलगाई र बँदेल बस्छन् । दिउँसो बाहिर निस्केर बालीमा चर्छन् । स्थानीयहरू वन्यजन्तुबाट बाली जोगाउन खेत नजिक र नदी छेउमा मचान बनाएर बस्न थालेका छन् । वन्यजन्तु नियन्त्रण गर्न कसैले पनि चासो नदिँदा आफूहरूको बाली जोखिममा परेको किसानहरूको गुनासो छ । *रासस*

# क्षतिग्रस्त गौरवका आयोजना पुनर्निर्माण गर्न रोशीको माग

■ **राजकुमार पराजुली**

**काभ्रेपलाञ्चोक–** रोशी गाउँपालिकाले निर्माण भइरहेका 'गौरवका आयोजना' गत असोज दोस्रो साता बाढीपहिरोबाट क्षतिग्रस्त भएपछि पुनर्निर्माणका लागि माग गरेको छ । गाउँपालिकाले निर्माणाधीन एवं निर्माण सकिएका तीन ठूला गौरवका आयोजना पुनर्निर्माण गर्न सम्बन्धित निकायलाई पत्राचारमार्फत माग गरेको हो ।

गत असोज ११ र १२ गतेको अविरल वर्षासँगैको बाढीपहिरोका कारण गाउँपालिकामा निर्माण सम्पन्न भएका तीन ठूला आयोजनामा पूर्णरूपमा क्षति पुगेको थियो । गाउँपालिका अध्यक्ष दिनेश लामाले 'गौरव'का योजना मानिएका तीन आयोजनाको पुनर्निर्माणका लागि संघ सरकारलाई पत्राचार गरिएको बताए । उनका अनुसार नेपाल सरकारको सम्बन्धित मन्त्रालयले क्षतिग्रस्त ती आयोजनाको प्रक्रिया अघि बढाउने आश्वासन दिएका छन् ।

बाढीपहिरोले वडा नं ११ स्थित कालढुंगामा करिब ७० रोपनी जमिनमा निर्माण गरिएको तामाङ जातिको विशेषता झल्कने 'डम्फु जीवन्त संग्रहालय'सहितको पार्क रोशी खोलाले बगाएको छ । संग्रहालयमा तामाङ जातिको रहनसहन, वेशभूषा, संस्कृति, रीतिरिवाज तथा सो समुदायले प्रयोग गर्ने सामग्री तथा पुस्तक राख्ने तयारी गरिएको थियो । लामाका अनुसार निर्माण सम्पन्न भएको नौ डायमिटरको डम्फु, संग्रहालय भवन, पुस्तकालय भवन, वनभोजस्थल, पार्किङस्थल र बगैंचा रोशी खोलाको बाढीले बगाएको थियो ।

१४ करोड रूपैयाँको लागतमा निर्माण सम्पन्न गर्ने योजना बनाइएको संग्रहालय भवन निर्माणमा नेपाल सरकारको पाँच करोड रूपैयाँ तथा गाउँपालिकाको ३८ लाख ६९ हजार रूपैयाँ खर्च भएको थियो । करिब अन्तिम चरणमा रहेको पार्कका लागि चालु आर्थिक वर्षमा गाउँपालिकाले पाँच लाख रूपैयाँ विनियोजन गरेको थियो ।

संग्रहालय हाताभित्र करिब दुई करोड रूपैयाँमा निर्माण गरिएको औद्योगिक ग्रामको प्रशासनिक भवन तथा शीतभण्डार र खानेपानी आयोजनाका संरचना पनि बाढीले बगाएको थियो । उद्घाटनको तयारी भइरहेको ग्रामको संरचना जगैदेखि बाढीले बगाएको छ । यस्तै, १ नम्बर वडामा निर्माणको अन्तिम चरणमा पुगेको १० शयाको आधारभूत अस्पतालको भवनसमेत बाढीले बगाएको थियो । नेपाल सरकारको छ करोड पाँच लाख २४ हजार रूपैयाँ लागतमा सम्पन्न हुने अस्पतालको संरचना सम्पन्न गर्न आगामी पुस मसान्तसम्मको समयसीमा थियो ।

यसैगरी, रोशी-११ कालढुंगामा करिब ७० रोपनी क्षेत्रफलमा तयार भएको चिस्यान केन्द्रसहित औद्योगिक ग्रामको प्रशासनिक भवनसहितको संरचना पनि बाढीले बगाएको छ । संघीय सरकारको ७० प्रतिशत र स्थानीय तहको ३० प्रतिशत लगानीमा निर्माण हुने ग्रामका लागि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एक करोड ६८ लाख रूपैयाँ र गाउँपालिकाको ५४ लाख रूपैयाँ गरी दुई करोड २२ लाख रूपैयाँ खर्च भइसकेको थियो ।

बाढीपहिरोमा परी उक्त गाउँपालिकामा छ महिला, तीन पुरुष, एक बालक र तीन बालिका गरी १३ जनाको मृत्यु भएको थियो भने ४८२ घर पूर्णरूपमा तथा ८८३ घरमा आंशिकरूपमा क्षति पुगेको थियो । गाउँपालिका कार्यालयको तथ्यांकअनुसार बाढीपहिरोले दुई हजार ५४४ परिवारको खेतबारीमा क्षति पुगेको थियो भने १६० खानेपानी आयोजना, एक पक्की पुल, ४७ विद्यालय र चार स्वास्थ्य केन्द्रमा क्षति पुगेको थियो ।

यसैबीच, गाउँपालिकाले घर पूर्णरूपमा क्षति भएका परिवारका लागि अस्थायी आवास निर्माण थालेको छ । पहिलो चरणमा घर पूर्णरूपमा क्षति भएका परिवारका लागि अस्थायी आवास निर्माण थालिएको गाउँपालिकाले जनाएको हो । *रासस*

# ज्येष्ठ नागरिकलाई उपचारमा छुट्टै शय्याको व्यवस्था

**हुम्ला (प्रस)–** हुम्ला जिल्ला अस्पतालमा ज्येष्ठ नागरिकको उपचार सहजताका लागि छुट्टै शयचाको व्यवस्था गरिएको छ । जिल्ला अस्पतालमा उपचारका लागि आउने ज्येष्ठ नागरिकमा अन्य बिरामीसँगै उपचार हुँदा समस्या हुने भएकाले पनि उनीहरूको उपचारमा सहज होस् भनेर छुट्टै शयचाको व्यवस्था गरिएको सामाजिक सुरक्षा एकाइ शाखाका उजिर बोहराले बताए । उपचारका लागि आउने ज्येष्ठ नागरिकका लागि दुई शयचा र ज्येष्ठ नागरिकलाई न्यानोका लागि दुई हिटरको व्यवस्था गरेको बोहराले बताए ।

जिल्ला अस्पतालमा चार वर्षदेखि संघीय सरकारको स्वास्थ्य मन्त्रालयबाट ज्येष्ठ नागरिक कार्यक्रम लागू हुँदै आएको स्वास्थ्य सेवा कार्यालयकी प्रमुख डा. प्रतीक्षा भारतीले बताइन् । माघदेखि अस्पतालमा भर्ना भएका ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सो व्यवस्था गरिएको उनले बताइन् । उनका अनुसार ७५ वर्षभन्दा माथिका सबैखाले ज्येष्ठ नागरिकलाई अस्पतालमा उपलब्ध हुने सबै सेवा निःशुल्क छ ।

त्यसैगरी, ६५ देखि ७४ वर्षको ज्येष्ठ नागरिकलाई ७५ प्रतिशत छुट र ६० देखि ६४ वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक कार्यक्रमका लागि १० लाख रूपैयाँ बजेट केन्द्रबाट उपलब्ध हुँदै आएको छ ।


## माइग्रेशन हरायो

मिति २०८१/१०/०१ गते काँडाघारी बाट रत्नपार्क सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को सक्कल माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : प्रनिसा कोइराला
रजिष्ट्रेसन नं :८०३२४०१८०१४४
सम्पर्क : ९८४१३९६००३
९८४९६८७२९५


**जहदा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मझारे, मोरङ**
**कोशी प्रदेश नेपाल**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आसयको सूचना

**प्रकाशन मितिः २०८१/१०/१६**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट नीति तथा कार्यक्रम तपशिल अनुसारको ठेक्काका लागि प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम विधुतिय माध्यमद्वारा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम मिति २०८१/१०/१५ गते स्वीकृतीका लागि निणर्य गरिएको हुदाँ सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (पि.एस. आइटम र भ्याट समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | JRM/BUILDING/NCB/081/082/03 | प्रशासनीक भवनको दोस्रो र तेस्रो तला थप | श्री निर्मल निर्माण सेवा/आर.एस. निर्माण सेवा, जे.भी | २,५९,९३,२९८.८६ (अक्षेरुपी दुई करोड उन्साठी लाख त्रियानब्बे हजार दुई सय अन्ठान्ब्बे रुपैंया छयासी पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**


## कुवेतमा रोजगार

कम्पनी : FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 310400 | चलानी नं. ६०२२४९६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bull Dozer Driver | 20 | 0 | 200 | ८९,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Diesel Mechanic | 7 | 0 | 140 | ६२,९०० | | | | | | | |
| 3 | Electrician (Gen.) | 10 | 0 | 140 | ६२,९०० | | | | | | | |
| 4 | Exavetor Operator | 20 | 0 | 200 | ८९,८६० | | | | | | | |
| 5 | Grader Operator | 20 | 0 | 200 | ८९,८६० | | | | | | | |
| 6 | Heavy Driver/driver | 31 | 0 | 150 | ६७,३९५ | | | | | | | |
| 7 | Wheel Loader Operator | 18 | 0 | 200 | ८९,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## कतार/मलेसियामा रोजगार

कम्पनी : Amasy for hospitality and Service

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 312839 | चलानी नं. ६०२२७३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 5 | 1000 | ३७,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : 1 SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 301428 | चलानी नं. ६०२१६६२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

## युएइमा रोजगार

कम्पनी : SEVEN HORSES HOSPITALITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317079 | चलानी नं. ६०२३१४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 110 | 0 | 1200 | ४५,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २२ गते (4th Feb. 2025) मा हुनेछ ।
(नोट : यो सूचना मिति २०८१ माघ १५ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले माघ १६ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np
Lic No. 1159/074/074

## साउदीमा रोजगार

कम्पनी : Muath Mohammed Abdulaziz Al Fadhel Contracting Co. One Person Co

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317926 | चलानी नं. ६०२३२१२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447 /9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## साउदीमा रोजगार

कम्पनी : ISSA AL-ADWANI TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/१०/१४ | LT. No. 317658 | चलानी नं. ६०२३२०६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६६,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २३ गते (5th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

# प्रभाव दैनिक

रूपशाला


## 'जार' वैशाख २६ मा आउने

साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित फिल्म 'जार' को अफिसियल रिलिज घोषणा गरिएको छ । निर्माण ब्यानर फेरि टेल पिक्चर्सले फिल्मको एक पोस्टर सार्वजनिक गर्दै 'जार' आगामी वैशाख २६ (मे ९)मा प्रदर्शनमा आउने जानकारी दिएको छ । फिल्म प्रदर्शनको लागि नेपालभित्र एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनिले वितरण अधिकार खरिद गरेको छ भने अन्तर्राष्ट्रिय वितरकको रूपमा सेभेन सिज सिनेमा अनुबन्ध भएको छ । यसैसाता वितरण कम्पनीहरूसँग सम्झौतापछि निर्माण टिमले आधिकारिक प्रदर्शन मिति तय गरेको हो ।




बुधबार, १६ माघ २०८१ (Wednesday, January 29, 2025)

# 'एभरेस्ट टुरिजम अवार्ड' सम्पन्न

## कान्छा शेर्पालाई एभरेष्ट टुरिजम लाइफटाइम एचिभमेन्ट अवार्ड



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पहिलो पटक सगरमाथा आरोहण गर्ने टोलीका एक्ला जीवित सदस्य कान्छा शेर्पालाई 'एभरेष्ट टुरिजम अवार्ड, २०२५' को लाइफ टाइम एचिभमेन्ट अवार्डबाट सम्मानित भएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले शेर्पालाई पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उक्त अवार्ड प्रदान गरेको आयोजक 'एएमएस म्युजिक एण्ड म्यानेजमेन्ट प्रालि'का अध्यक्ष सत्यकला तामाङ लामाले जानकारी दिएकी छिन् ।

शेर्पालाई रु ५१ हजार एक सय ५१ रूपैंयाँ, दोसल्ला र प्रमाणपत्रसहित सम्मान गरिएको हो । 'जलवायु परिवर्तनको असर सबैभन्दा बढी हिमाली क्षेत्रमा परेको छ, यसको क्षति न्यूनीकरणका लागि सबै एकजुट हुन जरुरी छ,' अवार्ड पाएपछि शेर्पाले भने ।

'एभरेष्ट टुरिजम अवार्ड, २०२५' समारोहमा लोत्से र मनास्लु हिमाल आरोही कतारकी राजकुमारी शेख आस्मा अल थानीलाई पनि सम्मान गरिएको थियो । स्वर्गीय मउराइस हर्जोग, शम्भु तामाङ, जुन्को ताबेइ, पासाङ ल्हामु शेर्पा, मीनबहादुर शेरचन, बाबुछिरि शेर्पा, डा.हर्क गुरुङ, प्रभाकर शमशेर जवरा, अम्बिका श्रेष्ठ, कर्नेल जेम्स ओभेन मेरिकोन रोबर्टस, बोरिस लिसानेभिच, कुमार खड्कबिक्रम शाह, आङ्रिता शेर्पालगायत युचिसो मिउरा, उम होङ गिल, काजी शेर्पा, आप्पा शेर्पा, लाक्पा ग्याल्बु शेर्पालगायतलाई पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

उक्त समारोहमा पर्वतारोहणतर्फ कामीरिता शेर्पा, निमारिञ्जी शेर्पा, सानु शेर्पा, पूर्णिमा श्रेष्ठ, मिङ्मा ग्याल्जेन शेर्पा, पासाङ दावा शेर्पा, पासाङ नाम्गेल शेर्पा, लाक्पा डेन्डी शेर्पा, प्रितेम्बा शेर्पा, दावा ग्याङ्जुम शेर्पा, लाक्पा गेलु शेर्पा र फुन्जो झ्याङ्मु शेर्पा लामालाई अवार्ड प्रदान गरिएको थियो ।


साहसिक पर्यटनको ऱ्याफ्टिङतर्फ हिमालयन रिभर एक्लप्लोरेसन विधामा क्यानोनिङ्तर्फ राजेन्द्रबहादुर लामा र तिलक लामा, प्याराग्लाइडिङतर्फ सनराइज प्याराग्लाइडिङ, हट् एयर बेलुनतर्फ बिक्रम पाँडे, अल्ट्रा लाइटतर्फ एभिया क्लब नेपाल प्रालि, वाइल्ड लाइफतर्फ टाइगर टप्स, बञ्जी जम्पिङतर्फ द लास्ट् रिसोर्टलाई अवार्ड प्रदान गरिएको थियो ।

यसैगरी आइसफल चिकित्सकहरू आङ् नीमा शेर्पा, आङकामी शेर्पा र आङ् सार्की शेर्पालाई अवार्ड प्रदान गरियो भने माउन्टेन बाइकतर्फ सोनाम गुरुङ, राजेश मगर र लक्ष्मी मगरलाई अवार्ड प्रदान गरिएको थियो । एएमएस म्युजिक एण्ड म्यानेजमेन्ट प्रालिका प्रबन्ध निर्देशक फुर्बा ग्याल्बो मोक्तान (थुप्तेन) का अनुसार रेस्क्युतर्फ छिरिङ पाण्डे बोटे, गेल्जे शेर्पा, ब्रिगेडियर जनरल गुञ्जामन लामा र छिरिङ पेम्बा शेर्पालाई अवार्ड प्रदान गरिएको थियो ।

यस्तै लाक्पा सोनाम शेर्पा, नेपाल एकेडेमी अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (नाथम), ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान), हिमालयन रेस्क्यु एशोसिएसन, डा बुद्ध बस्न्यान, बसन्त थापा, अभिनेत्री निशा अधिकारी, छिरिङ शेर्पा, नाम्चेस्थित एभरेष्ट भ्यू होटल तथा द सोल्टी होटलले टुरिजम एक्सिलेन्स अवार्ड प्राप्त गरेका थिए ।

# 'एक्टर : टेक वन'को प्रदर्शन तत्काल नगर्न अदालतको आदेश

■ **प्रभाव संवाददाता**




**काठमाडौं –** काठमाडौं जिल्ला अदालतले फिल्म 'एक्टर : टेक वन'को प्रदर्शन तत्काल नगर्नू भनि अन्तरकालीन आदेश जारी गरेको छ । फिल्मका बारेमा प्रश्न उठेको भन्दै अदालतले यस्तो आदेश गरेको हो ।

अदालतले माघ २२ गते दुवै पक्षलाई छलफलमा समेत बोलाएको छ । दुवै पक्षको छलफल नभएसम्मका लागि अदालतले अन्तरिम आदेश जारी गरेको हो । सहिद दिवसको अवसर पारेर भोलिदेखि फिल्म रिलिज हुँदै थियो । अदालतले अन्तरिम आदेश जारी गरेपछि रोकिने भएको छ ।

नेपाल डायस्पोरा इन्टरटेनमेन्ट प्रालिको तर्फका कानुन व्यवसायी यज्ञमणी न्यौपानेले अदालतले अन्तरकालीन आदेश दिँदै दुवै पक्षालाई छलफलका लागि बोलाएको बताए । फिल्म 'एक्टर'का निर्माताले 'एक्टर : टेक वन'को प्रदर्शन रोक्न माग गर्दै शुक्रबार अदालतमा रिट दायर गरेका थिए । राजन भुसाल निर्देशित गरेको उक्त फिल्म अब विवादमा परेको छ ।

# 'दुःखी आत्मा'को 'जुनी जुनीलाई' सार्वजनिक



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फागुनको २ गतेदेखि रिलिजमा आउन लागेको फिल्म 'दुःखी आत्मा'को पहिलो गीत 'जुनी जुनी भरीलाई' सार्वजनिक गरिएको छ । केतन क्षेत्री र मुना ठटालको स्वर, ईश्वर कार्कीको शब्द तथा संगीत रहेको गीतमा एरेन्ज उदयराज पौडेलको रहेको छ ।

रोमान्टिक शैलीमा तयार पारिएको गीतमा फिल्मका मुख्य कलाकार दयाहाङ राई र आँचल शर्मामाथि फिचरिङ गरिएको छ । भक्तपुर दरबार स्क्वायरमा खिचिएको भिडियोलाई रामजी लामिछानेले कोरियोग्राफी गरेका हुन् । आलोक शुक्लाको छायांकन रहेको गीतको भिडियोमा रामप्रसाद चौधरीको सम्पादन छ ।

फिल्मको टिजर र ब्रेकअप कविता चर्चित भइसकेको समय यो गीतले फिल्मलाई अझै हाइट दिने निर्माण युनिटको विश्वास छ । यो गीतले पनि दर्शकको ध्यान तान्ने आशा गरिएको छ । फिल्मको टिजर सार्वजनिक भएसँगै 'जुनार' खुबै हिट छ । यसैले, कोरियोग्राफरले यो गीतमा जुनारको भरपुर प्रयोग गरेका छन् ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा हिमाल कडरियाको लगानी छ । सुदिप ढकाल कार्यकारी निर्माता रहेको फिल्ममा निमेष श्रेष्ठको सम्पादन छ ।

फिल्ममा दया र आँचलको अलवा अनुप विक्रम शाही, वुद्दि तामाङ, रेयर राई, पुष्कर गुरुङ, कविता आले, आरती आचार्य, लोकेन्द्र लेखक, आशान्त शर्मा, दिया मास्के, लुनिभा तुलाधर लगायतका कलाकारको अभिनय छ । क्लक वर्क क्रियशनको ब्यानरमा निर्माण भएको यो फिल्मले यौनमा कमजोर रहेको एक पुरुषको कथा भन्छ । फिल्मले रमाइलो तरिकाले गम्भीर विषयवस्तु उठान गरेको निर्माण पक्षको भनाई छ ।



# टाइब्रेकरमा एनआरटीलाई हराउँदै बागमती उपाधिनजिक



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** न्युरोड टिम (एनआरटी)लाई टाइब्रेकरमा पराजित गर्दै आयोजक नेपाल लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेश (बागमती) उपाधिनजिक पुगेको छ । नेपाली कांग्रेस लोकतान्त्रिक खेलकुद संघ महाधिवेश निर्देशन समितिको आयोजना त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा जारी प्रतियोगिताको दोस्रो सेमिफाइनलको निर्धारित ९० मिनेटको खेल २-२ को बराबरीमा सकिएपछि विजेताको छिनोफानो टाइब्रेकरमा गरिएको हो ।

टाइब्रेकरमा एनआरटीलाई ४-२ ले पराजित गर्दै बागमती फाइनलमा पुग्न सफल भयो । योसँगै बागमतीले उपाधिका लागि संकटा फुटबल क्लबसँग खेल्ने छ । संकटाले पहिलो सेमिफाइनलमा मच्छिन्द्र फुटबल क्लबलाई सडनडेथमा ८-७ ले पराजित गरेको थियो ।

योसँगै बागमतीले कम्तिमा १३ लाख रूपैयाँ पक्का गरेको छ । टाइब्रेकरमा बागमतीका नवीन लामा, फोडे फोफना, राजन तिवारी र कुलदीप कार्कीले गोल गरे । एनआरटीका अविषेक लिम्बू र कृतिशरत्न छुन्जुले गोल गरे । सरोज तामाङको प्रहार विकेश कुथुले रोके । सुमित श्रेष्ठको प्रहार माथिल्लो बारबाट आकासिएको थियो । म्यान अफ द म्याच गोलकिपर विकेश नै घोषित भए ।

खेलको सुरुआतदेखि नै बागमतीले एनआरटीलाई दबाबमा राखेको थियो । फलतः ११औं मिनेटमै सन्दीपले बागमतीलाई सुरुआती अग्रता दिलाए । कमल श्रेष्ठको थ्रो बललाई सन्दीपले पेनाल्टी बक्सबाट सिधै फार पोस्टमा गोल गरे । सेनेगाकाइज एलेक्सले त्यसको तीन मिनेटपछि नै अग्रता दोब्बर बनाए । गिदोन नाह केरमेहले दिएको बललाई सिक्स यार्ड बक्सबाट एलेक्सले सोही दिशामा गोल गरे । दोस्रो हाफको सुरुआतमै एनआरटी खेलमा फर्काउने संकेत देखाए । हेनरी पोकुले बक्सबाट दिएको बललाई कृतिशरत्न छुन्जुले सहजै जाली चुमाए । त्यसको तीन मिनेटपछि नै एनआरटीले खेलमा फर्किने अवसर गुमायो । कृतिशको कर्नरमा आएको बललाई पोकुले हेडर गरेका थिए । तर, गोलकिपर विकेश कुथु बाधक बने । ६९औं मिनेटमा कृतिशले नै अग्रता दोब्बर बनाए । विविके गुरुङको क्रसलाई उनले वान टचमै गोल गरे । योसँगै खेल २-२ को बराबरीमा गएको थियो ।

# नेयमारले छाडे अल हिलाल

**काठमाडौं (प्रस)–** ब्राजिलियन स्टार नेयमारले साउदी प्रो क्लब अल हिलालसँगको सम्झौता रद्द गरेका छन् । क्लब र खेलाडीबीच सोमबार राति आपसी समझदारीमा सम्झौता रद्द गरिएको अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

ब्राजिलका सर्वाधिक गोलकर्तासमेत रहेका ३२ वर्षीय नेयमार घुँडाको समस्या कारण अक्टोबर २०२३ देखि लगातार मैदानबाट बाहिर रहदैं आएका छन् । 'क्लब र खेलाडीबीचको आपसी समझदारीमा सम्झौता रद्द गरिएको छ,' क्लबले जारी गरेको विज्ञप्तीमा भनिएको छ । दुई वर्ष अल हिलाल रहँदा नेयमारले मात्र ७ खेले खेल्न सकेका थिए । उनी पेरिस सेन्ट जर्मेन (पिएसजी) बाट ९० मिलियन युरोमा साउदी अरेबिया पुगेका थिए ।

उनले ब्राजिलबाट हालसम्म ७९ अन्तराष्ट्रिय गोल गरिसकेका छन् । उनी अब बाल्यकालको क्लब सान्तोष फर्कने अनुमान गरिएको छ । सन् २०१३ पछि बाल्यकालको क्लब सान्तोषबाट बार्सिलोनामा अनुबन्ध भएका थिए । सन् २०१७ मा २२२ मिलियन युरोपमा पिएसजी पुगेका उनी साउदी क्लब छाडेपछि कता जाने हो ? अहिलेसम्म केही खुलाइएको छैन ।

# जयनेपाल कप टी-२० क्रिकेटको उपाधि मध्यपश्चिमलाई




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालको मध्यपश्चिम विश्वविद्यालयले मंगलवार जय नेपाल कप अन्तरविश्वविद्यालय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ ।

त्रिवि क्रिकेट मैदानमा मंगलवार सम्पन्न फाइनलमा भारतको लखनउ विश्वविद्यालयलाई ५८ रनले हराउँदै मध्यपश्चिम विश्वविद्यालय च्याम्पियन भएको हो । नेपाल विद्यार्थी संघ (नेविसंघ)ले आयोजना गरेको यस प्रतियोगितामा नेपाल, भारत र बंगलादेशका गरी कुल आठ विश्वविद्यालय प्रतिस्पर्धी थिए । बंगलादेशको एक, भारतका तीन र नेपालका चार विश्विद्यालयले जयनेपाल कप टी-२० प्रतियोगितामा प्रतिस्पर्धा गरेका हुन् ।

फाइनलमा दिवान पुन र विपीन खत्री चम्किँदा मध्यपश्चिमले भारतीय टोलीमाथि सहज जित निकालेको हो । मध्यपश्चिमले १७६ रनको लक्ष्य दिएको थियो । जवाफी लक्ष्य पछ्याएको लखनउले निर्धारित ओभर नै खेले पनि ९ विकेटको क्षतिमा ११७ रन मात्र बनाउन सक्यो । लखनउका ओपनर मनन कन्दपालले ५८ रन, हर्षवर्धन सिंहले १५ रन र यस वर्धन सिंहले १४ रनको योगदान दिए । त्यसबाहेक अन्यले ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

मध्यपश्चिमका दिवान पुनले चार ओभरमा २२ रन दिँदै ३ विकेट लिए । दिवान प्लेयर अफ द फाइनलमा पनि भए । राजकुमार शाहले दुई तथा दिनेश अधिकारी, सुवास भण्डारी र रवीन्द्रजंग शाहीले समान एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मध्यपश्चिमले निर्धारित ओभरमा ६ विकेट गुमाउँदै १७५ रन जोड्यो । मध्यपश्चिमका लागि दिवान ५८ रनमा रनआउट हुँदा विपीन ५९ रनमा नटआउट रहे । ओपनर निश्चल रावलले १९ र राजकुमार शाहले १५ रनको योगदान दिएपछि मध्यपश्चिमले राम्रो योगफल बनाएको हो ।

लखनउका लागि अभिषेक सोनी, मनन र हर्षवर्धनले समान एक विकेट लिँदा अन्य विकेटविहीन भए । प्रतियोगिताका विजेतालाई खेलाडीलाई नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्काले पुरस्कृत गरे ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १५९२०० | प्रति तोला – ० | प्रति तोला – १८३५

## ऊर्जामन्त्री खड्का र भारतीय अतिरिक्त सचिवको शिष्टाचार भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले शिष्टाचार भेट गरेका छन् ।

सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा भएको भेटमा नेपाल-भारत ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो । भेटमा ऊर्जामन्त्री खड्काले नेपालले सुक्खा महिनामा भारतबाट प्राप्त विद्युत्ले यहाँको विद्युत् अभावलाई कम गर्न सघाउ पुऱ्याएको भन्दै भारत सरकारलाई धन्यवाद दिए । उनले वर्षाको समयमा नेपालमा विद्युत् बढी हुँदा भारत निर्यात भइरहेकाले यसले दुई देशबीचको सहकार्यलाई थप उचाइमा पुऱ्याएको धारणा राखे ।

ऊर्जामन्त्री खड्काले भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौता गरिसकेकाले यसलाई सफल कार्यान्वयन गर्न मन्त्रालयले नीतिगत पहल गरिसकेको बताए । सरकारले लिएको ऊर्जा विकासको लक्ष्य हासिल गर्न दुई देशबीच आपसी सहयोग, समन्वय आवश्यक रहेको उनको भनाइ थियो ।

ऊर्जामन्त्री खड्काले गत अक्टोबर ३ मा नेपाल, भारत र बङ्गलादेशबीच भएको त्रिपक्षीय विद्युत् बिक्री सम्झौता नेपालको ऊर्जा क्षेत्रको विकासका लागि मात्र नभई दक्षिण एसियाकै लागि एक ऐतिहासिक उपलब्धि भएको बताए । उनले भर्खरै नयाँदिल्लीमा सम्पन्न नेपाल-भारत सह-सचिवस्तरीय बैठकले दुईवटा उच्च भोल्टेजका अन्तरदेशीय प्रसारण लाइनको निर्माण प्रारूपमा सहमति गरेकामा खुसी व्यक्त गरे । मन्त्री खड्काले महाकाली सिँचाइका लागि टनकपुर मुख्य नहरबाट १० क्युमेक पानी छाड्न भारतले छिटो पहल गरिदिने विश्वास व्यक्त गरे ।

भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव महावरले नेपालको जलविद्युत् क्षेत्रमा भारतले लगानी गर्न चाहेको भन्दै लगानीको उचित वातावरण निर्माण गर्न आग्रह गरे । उनले अपर कर्णाली, पञ्चेश्वरलगायतका जलविद्युत् आयोजनाको चाँडो विस्तृत परियोजना प्रतिवेदन टुंग्याउन आग्रह गरेको भेटमा सहभागी मन्त्री खड्काका निजी सचिव मनोज पन्थले जानकारी दिए । यस्तै, भारतले निर्माण गरिरहेको अपर अरुण आयोजनाको कामलाई समेत सहजीकरण गर्न उनले आग्रह गरेका थिए । भेटमा मन्त्रालयकी सचिव सरिता दवाडी, वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारीलगायत नेपालस्थित भारतीय राजदूतावासका अधिकारीहरूको सहभागिता रहेको थियो ।

## ‘ऊर्जा विकासमा शून्य कार्बन लक्ष्यसहित सरकार प्रतिबद्ध’

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा विकासलाई दिगो, समावेशी र न्यून कार्बन अर्थतन्त्रको आधार बनाउन सरकार योजनाबद्ध ढङ्गले अघि बढिरहेको बताएका छन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा आयोजित ‘दिगो र न्यून कार्बन अर्थतन्त्रका लागि ऊर्जा रूपान्तरण सम्मेलन, २०२५’ मा उनले विकास परियोजनामा जोखिम न्यूनीकरण, आन्तरिक ऊर्जा खपत वृद्धि, ऊर्जा निर्यात प्रवर्द्धनलगायत योजनालाई कार्यान्वयन गर्दै दिगो विकासको मार्गमा सरकार अघि बढिरहेको बताए ।

‘पूर्वाधार निर्माणका क्रममा सिर्जना हुने जोखिमलाई कसरी न्यून गर्न सकिन्छ भनेर गम्भीरताका साथ सोच्नुपर्ने बेला आएको छ, जोखिम अध्ययन गरेर त्यसको न्यूनीकरणका लागि आवश्यक कार्य गर्न जरुरी छ’, मन्त्री खड्काले भने । उनले दिगो विकासका लागि दातृ निकाय र विकास साझेदारको सहयोगलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेमा पनि जोड दिए ।

उनले केही समयअघि सरकारले सार्वजनिक गरेको १० वर्षे ऊर्जा विकास रणनीतिबारे चर्चा गर्दै भने, ‘बलियो सरकार भएका बेला बलिया र राम्रा काम गर्नुपर्ने बेला छ, अबको १० वर्षमा ऊर्जा क्षेत्रमा के-कस्ता काम गर्ने भनेर १० वर्षे रणनीति बनाई कार्यान्वयनमा ल्याइएको छ’, उनले भने, ‘सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य सम्भव छ, यसका लागि हामीले विभिन्न कानुन परिमार्जन गरेर समयानुकूल बनाएका छौँ, त्यस्तै आगामी १० वर्षमा प्रतिव्यक्ति ऊर्जा खपतलाई वार्षिक एक हजार पाँच सय युनिट पुऱ्याउने लक्ष्य राखेका छौं ।’

> ‘बलियो सरकार भएका बेला बलिया र राम्रा काम गर्नुपर्ने बेला छ, अबको १० वर्षमा ऊर्जा क्षेत्रमा के-कस्ता काम गर्ने भनेर १० वर्षे रणनीति बनाई कार्यान्वयनमा ल्याइएको छ’
>
> ■ **दीपक खड्का**, ऊर्जामन्त्री

सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धताबारे स्मरण गर्दै मन्त्री खड्काले यो लक्ष्य प्राप्तिका लागि सरकारसँग बलियो योजना रहेको र आवश्यक कानुन परिमार्जन तथा संरचना निर्माण गरिसकिएको समेत जानकारी दिए ।

ऊर्जा क्षेत्रलाई थप सबल बनाउन सरकारले निजी क्षेत्रलाई पनि प्रसारण लाइन निर्माण र सञ्चालनमा सहभागी गराएको उनको भनाइ छ । साथै ऊर्जा परियोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई आर्थिक रूपमा सशक्त बनाउन शेयर वितरणको नीति लागू गरिएको उनले बताए । ‘कम्तीमा एउटा घरधुरीका लागि रु दुई लाखदेखि पाँच लाखसम्मको शेयर प्रदान गर्नुपर्ने नीति कार्यान्वयन हुन आवश्यक छ, यसबाट लगानी जुट्ने मात्र होइन, परियोजनाप्रति स्थानीय अपनत्व पनि बढ्छ,’ उनले भने ।

ऊर्जाको आन्तरिक खपत बढाउने र निर्यात प्रवर्द्धन गर्ने सरकारको नीति रहेको पनि उनले बताए । त्यस्तै, ऊर्जा विकास अभियानमा दातृ निकाय, विकास साझेदार, निजी क्षेत्रलगायत सबै वर्ग र क्षेत्रको सहभागिता आवश्यक रहेकामा उनले जोड दिए । त्यस्तै, ऊर्जा रूपान्तरण सम्मेलनले नेपाललाई दिगो र न्यून कार्बन अर्थतन्त्रतर्फ लैजान महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्दै मन्त्री खड्काले सम्मेलनबाट प्राप्त सुझावलाई सरकारले ग्रहण गर्ने र आवश्यकताअनुसार त्यसको सम्बोधन गर्दै जाने बताए ।

जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले शत्प्रतिशत विद्युतीकरणका लागि नवीकरणीय ऊर्जामा लगानी बढाउन आवश्यक रहेको बताइन् । “सरकारले नीति, योजना, कानुन बनाउँदा नवीकरण ऊर्जा प्रवर्द्धन र ऊर्जा दक्षतालाई महत्व दिएको छ, प्रसारणलाइन नपुगेका स्थानमा वैकल्पिक ऊर्जाका स्रोतबाट पनि विद्युतीकरण गर्नुपर्नेछ”, उनले भनिन्, “यस्ता कतिपय कुरा नीति एवं कार्ययोजनामा समावेश भएका छन्भने कतिपय हुन बाँकी छन्, यस विषयमा सरकारले ध्यान पुऱ्याउनेछ ।”

नेपालस्थित बेलायती राजदूतावासका विकास निर्देशक तथा उपराजदूत पिपा बर्डले नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि हरित वित्त परिचालनमा जोड दिइनुपर्ने बताइन् । ‘जलवायुवित्त, ग्रिन बन्डलगायत नवीनतम वित्तीय परिचालन र वैदेशिक लगानी प्रवर्द्धन गरी नवीकरणीय ऊर्जाका आयोजना विकासमा नेपालले जोड दिनुपर्छ’, उनले भनिन् । आन्तरिक विद्युत् पहुँच बढाउन सुदृढ वितरण प्रणाली, विद्युत् व्यापारका लागि अन्तरदेशीय प्रसारणलाई पूर्वाधार निर्माणलगायत विषयमा पनि उनले जोड दिइन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो बनाउने र ऊर्जा सुरक्षाका क्षेत्रमा थप उपलब्धि हासिल गर्ने गरी विभिन्न विकास साझेदार तथा निजी क्षेत्र, स्थानीय तहसँग सहकार्य भइरहेको बताए ।

## कर्पोरेट

### सिटिजन्स बैंक र बाइकर्स क्याफेबीच समझदारी




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नक्साल, काठमाडौं स्थित बाईकर्स क्याफे बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले बाईकर्स क्याफेमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

विश्वकै प्रतिष्ठित अवार्ड ‘बैंक अफ द ईयर २०२४’ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक ‘सिटिजन्स फोनपे क्रेडिट कार्ड’ सञ्चालनमा ल्याएको छ साथै मोबाइल बैंकिङ एप मार्फत नै शेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट करिब १८ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

### स्विस-नेपाल साझेदारीमा कोशीका डेरी

**काठमाडौं (प्रस) –** कोशी प्रदेशका डेरी उद्योगहरूले नेपालभित्र बढ्दो विविधतापूर्ण डेरी उत्पादनको माग पूरा गर्न एक महत्वपूर्ण उपलब्धि हासिल गरेका छन् । स्वीस सरकार विकास सहयोग (एसडीसी) को सहायतामा सञ्चालित परियोजना सहज, जसलाई नेपाल कृषि बजार विकासका लागि ‘विविध डेरी उत्पादनहरूको प्रदर्शनी र परीक्षण’ कार्यक्रम आयोजना गरेको छ । सहज परियोजना स्विट्जरल्यान्ड र नेपाल सरकार बीचको द्विपक्षीय पहल, सहज स्विस कन्ट्याक्ट (मुख्य संस्था) र सियोप्रेडद्वारा कार्यान्वयन गरिएको परियोजना हो । यसले डेरी, अलैंची, तरकारी, र मकै गरी चार प्रमुख कृषि क्षेत्रमा कार्यक्रम संचालन गरी रहेको छ । एसडीसी परियोजना सहजले गरेको लगानी, जस्तै च्यालेन्ज फण्ड, ले यी डेरी किसानहरूको आय र जीवनस्तर सुधार गर्दै आयातित डेरी उत्पादनहरूमा निर्भरता घटाएको छ ।



प्रदर्शनी र परीक्षण कार्यक्रममा च्यालेन्ज फण्ड को दोश्रो चरणका विजेताहरूको नवीन कार्य प्रदर्शन गरियो । स्वीस सरकार विकास सहयोग (एसडीसी) संचालित परियोजना सहजकी टीम लीडर रीमा श्रेष्ठले सहज च्यालेन्ज फण्डले डेरी क्षेत्रमा नवप्रवर्तन प्रवर्द्धन गर्न ध्यान केन्द्रित गरेको बताए । १४६ आवेदकमध्ये पाँच विजेताहरूलाई उद्योगका चुनौतीहरूको समाधान गर्न उनीहरूको अनौठो दृष्टिकोणको आधारमा चयन गरिएको थियो । उक्त अवसरमा सूर्योडय डेरीका प्रबन्ध निर्देशक मनोज यादवले सहजको समर्थनले प्याकेजिङ साइजलाई ३ ग्रामदेखि १ किलोग्रामसम्म विविधतामा बदल्न सक्षम बनाएको स्पष्ट गरे । त्यस्तै कोशी प्रदेशका उद्योग, कृषि, तथा सहकारी मन्त्री माननीय खगेनसिंह हाङमले कोशी क्षेत्रका किसानहरूलाई सहयोग गर्न सरकारको प्रतिबद्धता दोहोऱ्याए । ‘ हामी यस वर्ष कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन लक्ष्य राख्छौं,’ उनले भने ।

सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

- शिक्षा प्रत्येक बालबालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
- सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षामार्फत् सबैलाई साक्षर बनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैंगिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ